दूषित पानीका कारण हुने रोगप्रति सजग रहौं
-फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जन्डिसजस्ता रोग लाग्न सक्छन् । त्यसैले,
-खोला, धारा वा मूलको पानी सीधैं नपिऔं,
-पानी उमालेर मात्र पिऔं,
-उमाल्न सम्भव नभएमा शुद्धीकरण गरेर मात्र पिऔं,
-पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily .com

जनहितमा जारी सन्देश
-हावाहुरीबाट बच्न घरको संरचना बलियो बनाऔं,
-हावाहुरी चल्न थालेपछि झ्याल-ढोका बन्द गरौं,
-छतका गमला सुरक्षितरूपमा राखौं,
-जस्तापातालगायतका वस्तुहरू खुला नछाडौं,
-सवारीसाधनमा रहँदा हावाहुरी चलेमा सवारीसाधन रोकेर सुरक्षित स्थानमा बसौं,
-हावाहुरीबाट हुने क्षति कम गर्न पूर्वतयारी एवं सतर्कता अपनाऔं ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ साउन १६ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 July 31 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३२९

## कुन न्यायाधीशले कतिवटा मुद्दा फछ्र्योट गरे

प्रस, परवानीपुर, १५ साउन/
पर्सा जिल्ला अदालतले गत आर्थिक वर्ष २०८०/८१ मा कुल आठ हजार ७४ मुद्दा फछ्र्योट गरेकामा कुन न्यायाधीशले कति मुद्दा हेरे भन्नेबारेमा जोकसैलाई पनि चासो हुन सक्छ । कार्यसम्पादनको दृष्टिकोणले कुन इजलासले बढी मुद्दा हेऱ्यो भन्ने सर्वसाधारणलाई जिज्ञासा पनि लाग्न सक्छ ।

अदालतको तथ्याङ्क हेर्दा सबैभन्दा बढी मुद्दा पर्सा जिल्ला अदालतका मुख्य न्यायाधीश दीपक खनालले फैसला गरी फछ्र्योट गरेका देखिएको छ । उनले डिसिएमपूर्व (डिफरेन्ट केस मैनेजमेन्ट) ५२, सरल प्रकृतिका ५३६, सामान्य ३८९, विशेष ६५ गरी एक हजार ४२ वटा फछ्र्योट गरेका थिए । उनी सरुवा भई २०८० माघ ११ गते पर्सा जिल्ला अदालत आएका थिए ।

त्यसैगरी, दोस्रो नम्बरमा न्यायाधीश ध्रुवराज त्रिपाठी छन् । उनले डिसिएमपूर्वका २०, सरल ५५०, सामान्य ४१६, विशेष ३४ गरी एक हजार २० वटा मुद्दा फछ्र्योट गरेका थिए ।

तेस्रो नम्बरमा न्यायाधीश पुरुषोत्तम नेपाल रहेका छन् । उनले डिसिएमपूर्वका ३१, सरल ५७१, सामान्य २९६, विशेष २१ गरी कुल ९१९ वटा मुद्दा फछ्र्योट गरेका थिए ।

चौथो नम्बरमा न्यायाधीश मोना सिंह रहेकी छन् । उनले डिसिएमपूर्वका १४, सरल ४२९, सामान्य १९५, विशेष १७ गरी कुल ६५५ वटा मुद्दा फछ्र्योट गरेकी पर्सा जिल्ला अदालतका श्रेस्तेदार धनेन्द्र अधिकारीले जानकारी गराए ।

पाँचौं नम्बरमा न्यायाधीश रोशन


तस्वीर: फाइल

गजुरेलले ५०० वटा मुद्दा फछ्र्योट गरेका थिए । उनले डिसिएमपूर्वका ३५, सरल २३६, सामान्य १८४, विशेष ४५ गरी ५०० वटा मुद्दा फछ्र्योट गरेका थिए ।

छैटौं नम्बरमा न्यायाधीश नन्दकिशोरप्रसाद यादवले डिसिएमपूर्वका दुई, सरल २९१, सामान्य १६०, विशेष सात गरी ४६० वटा मुद्दा फछ्र्योट गरेका थिए भने सातौं नम्बरमा न्यायाधीश आनन्दप्रसाद श्रेष्ठले डिसिएमपूर्वका चार, सरल २१९, सामान्य १४५, विशेष आठ गरी ३८६ वटा मुद्दा फछ्र्योट गरेका थिए । आठौं नम्बरमा न्यायाधीश प्रमेश पोखरेलले सरल १६१, सामान्य ५४, विशेष तीन गरी कुल २१८ वटा मुद्दा फछ्र्योट गरेका थिए । नवौं नम्बरमा न्यायाधीश मुकुन्द आचार्यले सरल ९२, सामान्य २९, विशेष छ गरी १२७ वटा मुद्दा फछ्र्योट गरेका थिए ।

त्यसैगरी, पर्सा जिल्ला अदालतमा गत आवमा सरुवा भएर जाने न्यायाधीशहरूले डिसिएमपूर्वका १४०, सरल एक हजार ५६६, सामान्य ८१३, विशेष २२७ गरी कुल दुई ७४७ वटा मुद्दा फछ्र्योट गरेका थिए ।

न्यायाधीशहरू दीपक खनाल, रोशन गजुरेल, नन्दकिशोरप्रसाद यादव, प्रमेश पोखरेल, आनन्दप्रसाद श्रेष्ठ, मोना सिंह २०८० असोजदेखि कात्तिकसम्म सरुवा भएर आएका थिए भने मुकुन्द आचार्य २०८१ वैशाख २ गते सरुवा भएर पर्सा जिल्ला अदालत आएका हुन् । पर्सा जिल्ला अदालतमा अहिले नौवटा इजलासबाट मुद्दामाथि बहस पैरवी हुने गरेको छ ।

## ज्येष्ठ नागरिकले विश्व मित्रता दिवस र खीर खाने पर्व मनाए



तस्वीर: प्रतीक

प्रस, वीरगंज, १५ साउन/
ज्येष्ठ नागरिक सङ्घ, पर्साले मङ्गलवार वीरगंज–१५ लक्ष्मणवास्थित ज्येष्ठ नागरिक पार्कमा विश्व मित्रता दिवस तथा साउने पन्ध्र पर्व खीर खाएरमनाएको छ ।

विश्व मित्रता दिवसका बारेमा ज्येष्ठ नागरिक मधेस प्रदेश संयोजक जगदीशप्रसाद शर्माले प्रकाश पारेका थिए भने सोही उपलक्ष्यमा ज्येष्ठ नागरिक सदस्य इन्द्रदेवप्रसाद साह र किशोरीप्रसाद कलवारले मन्तव्य राखेका थिए ।

कार्यक्रममा पशुपतिविक्रम शाह, उषा शाह, डा अशोक दास, हरिशङ्कर प्रसाद, बैधनाथ कोइरी, बिन्दु शर्मा, आशा गौतम, जानकी शर्मा, रामानन्द प्रसाद, रामप्रसाद पडितलगायतको सहभागिता थियो ।

कार्यक्रममा ज्येष्ठ नागरिकहरूले खीर खाएर नाचगान गरी रमाइलो गरेको सचिव विनयराज गौतमले जानकारी दिए ।

त्यसैगरी, आज बेलुका ज्येष्ठ नागरिक सङ्घ पर्साको वडा नं १ १५ शाखाले पनि खीर खाने दिवस मनाएको छ । शाखा अध्यक्ष विश्वनाथ चौरसियाको अध्यक्षता, प्रदेश संयोजक जगदीशप्रसाद शर्माको प्रमुख आतिथ्य तथा ज्येष्ठ नागरिक सङ्घ पर्साका पदाधिकारीहरू सचिव विनयराज गौतम, सहसचिव रामप्रसाद पडित, रामानन्द कुर्मीको उपस्थितिमा स्थानीय ज्येष्ठ नागरिक महिला तथा पुरुषलाई चिकित्सकद्वय डा अशोककुमार गुप्ता र डा नवीनकुमार यादवले स्वास्थ्य परामर्श पनि उपलब्ध गराएका थिए । कार्यक्रमको अन्तमा सबै सहभागीले खीर खाएर साउने पन्ध्र पर्व मनाएका थिए ।

## साउनको सोमवारीमा शिवालयमा घुइँचो
## दुग्धेश्वर मेलामा हजारौं श्रद्धालुको भीड

प्रस, परवानीपुर, १५ साउन/
साउनको सोमवारीमा मध्यतराईका जिल्लाहरूका शिवालयमा श्रद्धालु भक्तजनहरूको घुइँचो लाग्ने गरेको छ । साउन महीनामा भगवान् शिवको पूजा आराधना गर्दा मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ । यस महीनामा माछामासु नखाई पूर्ण सात्त्विक भोजन गर्ने परम्परा छ । साउन महीनाभरि शिवालयहरूमा मेला लाग्ने गरेको छ । पर्साको रामभौरीभाठामा दुई सातादेखि मेला लागिरहेको छ ।

वीरगंजको अलखियामठ, चिनीमिलस्थित पशुपतिनाथ मन्दिरमा समेत मेला लागेको छ । त्यसैगरी, बाराको कलैयास्थित सिद्धेश्वरनाथ महादेव मन्दिर, काँटघाटलगायतका शिवालयहरूमा मेला लागिरहेको छ ।

पर्साको रामभौरीभाठामा आन्तरिक र भारतीय गरी दैनिक हजारौंको सङ्ख्यामा भक्तजनहरू पूजापाठ र जलाभिषेक गर्न आइरहेका दुग्धेश्वरनाथ मन्दिर निर्माण


तस्वीर: प्रतीक

एवं संरक्षण समितिका अध्यक्ष अलखदेवप्रसाद थारूले बताए ।

त्यसैगरी, मेलामा पर्सा, बारा, रौतहट, मकवानपुर, चितवन, हेटौंडा, काठमाडौं, भारतका बिहार र उत्तर प्रदेश राज्यबाट भक्तजनहरू आइरहेका दुग्धेश्वरनाथ मेला समितिका अध्यक्ष गेनालाल पटेलले बताए । उनले सो मेलालाई व्यवस्थित र मन्दिरसम्म पुग्ने सडक एवं अन्य संरचना निर्माणमा स्थानीय र प्रदेश सरकारले ध्यान दिए आगामी दिनमा धार्मिक पर्यटकीय गन्तव्यको रूपमा रामभौरीभाठालाई विकास गर्न सकिने बताए ।

## पर्सामा स्वास्थ्य बीमा गराउने शून्य
## ज्येष्ठ नागरिक सबैभन्दा बढी बीमित

प्रस, वीरगंज, १४ साउन/
पर्सामा जनसङ्ख्याको आधारमा स्वास्थ्य बीमा गराउनेको सङ्ख्या न्यून रहेको स्वास्थ्य बीमा बोर्ड, पर्साले जनाएको छ ।

पर्साको जनसङ्ख्या छ लाखको हाराहारीमा रहेको र अहिलेसम्म पर्सामा १२ हजार ५५१ परिवारले मात्र स्वास्थ्य बीमा गराएको बोर्डले जनाएको छ । एउटा परिवारमा सदस्यका सङ्ख्या पाँचदेखि १० जना रहेको बोर्डकी जिल्ला संयोजक रेखा गौतमले जानकारी दिइन् । गत आर्थिक वर्षमा जम्मा सात हजार १४० परिवारले मात्र स्वास्थ्य बीमा नवीकरण गराएको उनले बताइन् । २०७५ भदौ ७ गतेदेखि नेपाल सरकारले स्वास्थ्य बीमा लागू गरेको हो । पर्सामा जनसङ्ख्याको आधारमा १५ प्रतिशत अर्थात् ९७ हजार २९० जनाले स्वास्थ्य बीमा गराएका छन् । २०७५ सालदेखि हालसम्म ज्येष्ठ नागरिक २२ हजार १३१, एचआइभी सङ्क्रमित ८६, पूर्णअपाङ्ग ४२, क्षयरोगरोगी १३०, महिला स्वयंसेविका १०१ जनाले स्वास्थ्य




बीमा गराएका बोर्डले जनाएको छ ।

त्यसैगरी, गत आव २०८०/८१ मा ज्येष्ठ नागरिक तीन हजार ६१३, एचआइभी सङ्क्रमित १००, पूर्णअपाङ्ग १०८, क्षयरोगी २०, महिला स्वयंसेविका १६ जनाले बीमा गराएका थिए । चालू आव २०८१/८२ मा साउन १४ गतेसम्म ३२ जनाले मात्र स्वास्थ्य बीमा नवीकरण गराएको संयोजक गौतमले बताइन् ।

## नारायणी अस्पतालको आइसियूमा वृद्धाको मृत्यु

प्रस, परवानीपुर, १५ साउन/
नारायणी अस्पताल वीरगंजमा एकजना वृद्धाको मृत्यु भएको छ ।

विगत ११ दिनदेखि उपचाररत पर्सागढी नगरपालिका–७ फूलवरियाटोल बस्ने ७५ वर्षीया सावित्री देवीको मृत्यु भएको आफन्तजनले बताएका छन् । स्वास्थ्यकर्मीहरूको लापरवाहीका कारण उनको मृत्यु भएको सावित्रीका आफन्त महन्त दासले आरोप लगाए । तीनचोटि डायलासिस भएर ११ दिनदेखि उपचाररत सावित्रीको स्वास्थ्यमा सुधार हुनुपर्नेमा अलिकति पनि सुधार नभएको र मङ्गलवार अपराह्न ५ बजे मृत्यु भएको उनले बताए ।

स्वास्थ्यकर्मीहरू दिनभरि मोबाइल चलाएर बस्ने र बिरामीको स्याहारसुसारमा कम ध्यान दिने गरेको उनको आरोप छ । आफ्नो घरपरिवारको सदस्यमाथि यस्तो भयो आगामी दिनमा अन्य बिरामीसँग यस्तो घटना नहोस् भनेर




ध्यानाकर्षण गराउनको लागि मात्र सञ्चारमाध्यमलाई जानकारी गराएको उनले बताए ।

यसबारे नारायणी अस्पतालका मेसु डा एनामुल हकले डायलासिस भइरहेको बिरामीको सिकिस्त अवस्थामा आइसियूमा उपचार भइरहेको सबैले बुझ्नुपर्ने बताए । उनले अस्पताल बिरामीलाई उपचार गर्ने थलो भएकोले कुनै क्षति हुँदा जोकसैले पनि अस्पतालको कमीकमजोरीको कारण सो घटना भएको

(बाँकी अन्तिम पातामा)

## सामुदायिक विद्यालयमा वर्षे बिदा शुरू

प्रस, परवानीपुर, १५ साउन/
वीरगंज महानगरपालिकाका सामुदायिक विद्यालयमा साउन १६ गते बुधवारदेखि वर्षे बिदा शुरू हुने भएको छ । महानगरपालिकाको शैक्षिक क्यालेन्डर अनुसार साउन १६ देखि भदौ ८ गतेसम्म वर्षे बिदा दिइएको छ ।

वर्षे बिदाको कारण सामुदायिक विद्यालयहरू बन्द रहने वीरगंज महानगरपालिका शैक्षिक प्रशासन महाशाखाले जनाएको छ भने संस्थागत विद्यालयहरूमा एकरूपता नभएको देखिन्छ । वीरगंजमा प्याब्सन र एनप्याब्सन मातहतका दर्जनौं विद्यालयले आफूखुशी गर्दा संस्थागत विद्यालयमा एकरूपता आउन नसकेको अभिभावकहरूको भनाइ छ ।

प्याब्सन पर्सा अन्तर्गतका विद्यालयहरूमा साउन १६ गतेसम्म परीक्षा हुने र हाल बढिरहेको गर्मीलाई मध्यनजगर गर्दै यस विषयमा छलफल हुने प्याब्सनका पदाधिकारीहरूले बताएका छन् ।

प्याब्सन वीरगंज नगर अध्यक्ष आलोक चौरसियाले संस्थागत विद्यालयमा वर्षे बिदा दिने चलन नरहेको र जुन विद्यालयमा चारवटा परीक्षा लिनुपर्नेछ

(बाँकी अन्तिम पातामा)

**विचारसार र सूक्तिहरू**

**जिन्दगी धेरै छोटो छ र धेरै सुन्दर । कामप्रति धेरै गम्भीर नबन । जीवनको आनन्द उठाऊ ।**

प्रकाशक:प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक:जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक:विकाश शर्मा
सम्पादक: शत्रुघ्न नेपाल
समाचार सम्पादक:आरके पटेल
बारा विशेष प्रतिनिधि:गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com

# सहकारीमा विकृति

**सहकारीको नारा नै छ 'गाउँ–गाउँमा सहकारी, घर–घरमा भकारी।' सहकारी एकअर्काबीचको सहकार्यात्मक अवधारणा हो । 'एकका लागि सबै र सबैका लागि एक' भन्ने भावना र व्यवहारमार्फत व्यक्ति, परिवार, समाज र समग्र राष्ट्रको आर्थिक एवं सामाजिक उत्थानको लागि गरिने एकीकृत प्रयास नै सहकारी हो । छरिएर रहेका श्रम, सीप, प्रविधि र पूँजीलाई सहकारीले एकत्रित गर्दछ । सहकारीमार्फत व्यक्तिहरू आफ्नो हितअनुकूल एकसाथ मिलेर काम गर्छन् । सीमित स्रोत र साधन भएका, समान इच्छा र आकाङ्क्षा पालेका व्यक्तिहरूको एकीकृत सङ्गठन सहकारी हो । आपसी सहयोग तथा सामाजिक उत्थानका निमित्त गरिने एकताबद्ध प्रयास नै सहकारी भएको हुँदा यसले अन्तरनिर्भरता हुँदै आत्मनिर्भरतातर्फ डोऱ्याउँछ । सहकारी लोकतान्त्रिक विधिमा आधारित सङ्गठन हुँदा शेयर सदस्यहरू नै यसका मालिक र ग्राहक पनि हुन् । सहकारी तब मात्रै सफल हुन्छ, जब सहकारीको सिद्धान्त, मूल्य–मान्यता, विधि–विधान, पद्धति र आदर्शलाई आत्मसात् गरेर चल्छ । यसका निम्ति सबैभन्दा महत्त्वपूर्ण कुरा शिक्षा हो । सहकारीका पदाधिकारी, कर्मचारी एवं शेयर सदस्यमा सहकारी शिक्षाबारे जानकारी हुनुपर्छ । संस्था सही बाटोमा चलिरहेको छ या छैन भन्ने कुरा सहकारीसम्बन्धी शिक्षा भएकाले मात्रै थाहा पाउन सक्छन् । सहकारीमा नियमानुसार सदस्यता प्राप्त व्यक्तिबाट मात्र बचत सङ्कलन गर्ने र सदस्यहरूबीच मात्र ऋण लगानी गर्नुपर्ने हुन्छ । बचत गर्ने र ऋण लिनेहरूले नै आफ्नो अधिकार तथा जिम्मेवारीबारे बुझ्न नसकेको अवस्थामा गलत मनसायका कर्मचारी तथा पदाधिकारीहरूले सहकारीलाई ठगी गर्ने हतियारको रूपमा प्रयोग गर्न सक्छन् । सहकारीको मूलभूत उद्देश्य संलग्न सदस्यहरूको आर्थिक उत्थान गरी सामाजिक न्याय र समानता दिलाउने हुनुपर्नेमा सहकारीको नाममा खुलेका केही संस्थाहरूले ठगी गरेर सदस्यलाई बिचल्लीमा पार्दै सहकारीको नामलाई बदनाम गराइरहेका छन् ।**

**सहकारीका आफ्नै सिद्धान्त, मूल्य–मान्यताको अनुसरणको अवस्था कमजोर छ । गुणात्मकभन्दा पनि सङ्ख्यात्मकरूपमा सहकारी स्थापनाले विकृति निम्त्याउँदै छ । एउटै व्यक्तिको दोहोरो सदस्यता साथै वित्तीय सुशासनको कमीले गर्दा यस क्षेत्रमा वित्तीय जोखिम बढेर गएको छ । छिट्टै धनी हुने उद्देश्य लिएर सहकारीमा लागेका केही मानिसहरूको कारण कतिपय स्थानमा सहकारी क्षेत्र बदनाम छ । त्यसैगरी, सहकारीमा राजनीतीकरण, पैसा उठाइ गलत तरीकाले प्रयोग गर्ने प्रवृत्ति, सघनता उत्पादन तथा स्वरोजगारको क्षेत्रमा नभई बचत तथा ऋणको कारोबारमा मात्रै केन्द्रित हुने, गैरसदस्यसँग कारोबार गर्ने, कार्यक्षेत्रभन्दा बाहिर कारोबार, चक्रवृत्ति ब्याज असुली, सञ्चालकको नाममा ठूला रकम पेश्की, राष्ट्र बैंकको स्वीकृतिबेगर चेक, ओभरड्राफ्ट, विप्रेषण कारोबार, सदस्यहरूको बचत रकमबाट विभिन्न कम्पनी खडा गरी लगानी गर्ने, तरलता अत्यधिक राख्ने, कतिपयमा तरलता नै नराखी लगानी गर्नेलगायतका कारण सहकारी धराशयी हुने र टाट पल्टिने गरेका छन् । यसरी सदस्यहरूको रकमलाई जोखिममा पार्ने सञ्चालकमाथि हदैसम्मको कानूनी कारबाही गरिनुपर्छ । यसको निम्ति सदस्यमा सहकारी चेतना र अनुगमनकारी निकायको अनुगमनमा कडाइ अनिवार्य छ ।**

# सत्ता परिवर्तन र आन्तरिक अर्थतन्त्र

स्वतन्त्र विचार



**विनोद गुप्ता**

**अर्को वर्षको ओली नेतृत्वको बजेट र त्यसपछि सत्ता सम्हाल्ने देउवा सरकारले समेत चुनाव जित्नको लागि चुनावमुखी बजेट नै ल्याउने छन् भन्ने कुरा निश्चितप्रायः छ । त्यसैले हाम्रो आन्तरिक अर्थतन्त्रको समस्या छिटो समाधान हुने देखिंदैन ।**

एकपछि अर्को राजनीतिक व्यवस्था परिवर्तनका साथै संविधान पनि छपटक परिवर्तन भई पञ्चायत, प्रजातन्त्र, लोकतन्त्र हुँदै गणतन्त्रसम्म आइपुग्दा पनि हाम्रो समय अनिश्चित र अशान्त छ । बढ्दो अस्थिरता र द्वन्द्वका समाचारहरू विभिन्न सञ्चारमाध्यममा देखेर नकारात्मक दृष्टिकोण बन्नु स्वाभाविक नै हो। कुनै पनि व्यक्ति आफ्नो कामबाट आफू र अफ्नो परिवारको जीविका चलाउन सक्दैन भने समाज वा देशमा नै शान्ति स्थापित हुन सक्दैन। आज हाम्रो देशको कमोबेस यही अवस्था छ। यसको लागि रोजगार, गुणस्तरीय स्वास्थ सेवा, शिक्षा र सीप एवं स्रोतमा सबैको समान पहुँच हुनु आवश्यक छ। यस अवस्थाले सामाजिक न्यायलाई मूर्तरूप दिएको मानिन्छ। पञ्चायतले सामाजिक न्याय दिन नसकेकोले प्रजातन्त्र ल्याइयो। तर यो आएको ३५ वर्ष बितिसक्दासमेत देशमा प्रगति भएको जनताले महसूस गरेको छैन। प्रत्येक वर्ष देशमा बजेट आउँछ, सरकारले आफ्नो आय र व्ययको नीति सार्वजनिक गर्छ । संसद्मा यसमाथि छलफल त हुन्छ तर वित्तमन्त्रीले जुन स्वरूपमा प्रस्तुत गर्दछन् त्यही स्वरूपमा पास हुन्छ किनभने सरकारसँग बहुमत हुन्छ । बजेटमा तीनवटा मुख्य शीर्षक हुन्छ– १) साधारण खर्च (२) पूँजीगत खर्च र (३) वित्तीय व्यवस्थापन। यीमध्ये साधारण खर्चमा तलब भत्ता एवं सबै प्रकारका प्रशासनिक खर्चहरू आउने भएकोले नेपालको बजेटमा यसको पूरै सदुपयोग भएको पाइन्छ भने पूँजीगततर्फको खर्चमा भने औसतमा एक तिहाई बजेट खर्च नहुने र भएको खर्चमा समेत असारे खर्च जोड्दा सरदर ४० प्रतिशत मात्रै पूँजीगत बजेट वास्तविक उद्देश्यका लागि खर्च हुने गरेको पाइन्छ। यस्तो अवस्थामा न सामाजिक न्याय स्थापित हुन सक्दछ, न आर्थिक सामाजिक रूपान्तरण नै सम्भव छ।

आखिर किन हुँदैन नेपालमा पूँजीगत खर्च ? यसको विचार गर्दा सबभन्दा पहिलो कुरा त योजना छनोटकै आउँछ। नेपालमा योजना छनोट राजनैतिक शक्ति सन्तुलनमा हुने गरेको तथ्यको जल्दोबल्दो उदाहरण त भैरहवा र लुम्बिनी विमानस्थलका साथै चिनियाँ विमान खरीद प्रकरणलाई लिन सकिन्छ। हुनत यी दुई तीन योजना मात्रै भ्रष्टाचारको शिकार भने भएका होइनन् । वर्तमान गृहमन्त्री रवि लामिछानेले खुलेका प्रकरणहरूको नाम भन्न थाल्दा के नै बाँकी रह्यो र भन्ने अनुभूति हुनु स्वाभाविक नै हो। राजनैतिक तहमैं यस्तो ब्रह्मलुट भएमा यसमा कर्मचारीतन्त्र संलग्न नहुने कुरै भएन । राजनैतिक स्तरको दबाबमा योजनाको ठेक्का हासिल गरेपछि रकम भुक्तानी पाउन र म्याद थप्नमा समेत घूस लिने प्रकरण हुने गरेको भनिन्छ जसका कारण योजनाको अवधि मात्र लम्बिने नभई यसको लागतसमेत बढ्ने र पूरा भएपछि यसले लागत अनुपातको प्रतिफल नदिने भएकोले पनि देशको आर्थिक विकास सम्भव नभइरहेको बुझ्न सकिन्छ । यसको उदाहरणस्वरूप राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति विवरण हेर्नु नै पर्याप्त हुनेछ । वर्तमान अर्थमन्त्री माननीय पुनले यसपालिको बजेटमा कुनै विभेद नगरी सबै माननीयहरूको क्षेत्रमा पाँच करोडको बजेट दिएर ठूलो नाम र यश कमाएको सर्वविदितै छ। यसरी बाँडिएको योजनाले राष्ट्रको ढुकुटी र विकासमा के प्रभाव पार्छ भनेर सोच्दा यो त वास्तवमा सर्वोच्चले खारेज गरेको संसदीय विकास कोषको भर्पाई हो भनेर किटान नै गर्न सकिन्छ। अब प्रदेशहरूले पनि यही बाटो किन नरोज्ने ? पैसा त सबैलाई चाहिएकै छ । प्रदेशपछि पालिकाहरू के कम ? नेपाल एउटा यस्तो देश बन्न पुगेको छ जहाँ बजेटको आकार साधारण खर्च पुऱ्याउन बढाउनुपर्ने बाध्यता बनिसकेको छ । देशमा उठ्ने राजस्वले साधारण खर्च धान्न नसकिने भएको छ । उता रेमिटचान्स बढेर झन्डै एक वर्षकै आयात धान्ने भइसके पनि आन्तरिक बजार उठ्न सकेको छैन। यसको कारण के हो भने सार्वजनिक साधनमाथि आम जनताको हक स्थापित भएन भने यसमाथि सामर्थ्यवानहरूबीच प्रतिस्पर्धा हुन्छ र सामर्थ्यवानहरूमध्येको शक्तिशालीले त्यो प्रतिस्पर्धा जित्छ, प्रयोग गर्दछ र आम जनता निरीह बनेर बस्छ । आज त्यही अवस्था नेपालको हुन पुगेको छ। यसलाई विधिले क्षेत्र र वर्ग छुटयाई विनियोजन गर्नुपर्छ । हाम्रो आजको अवस्था विनियोजनको नाममा विधि प्रयोग नगरेको अवस्था हो ।

नेपालको शहरमा १८.३४ प्रतिशत र गाउँमा २४.६६ प्रतिशत गरी औसतमा २०.२७ प्रतिशत जनसङ्ख्या गरीबीको रेखामुनि रहेको छ । मानव विकास सूचकाङ्कको कुरा गर्दा बागमतीको ०.६६१, मधेस प्रदेशको ०.५१० र सुदूर पश्चिमको ०.५३८ प्रतिशत रहेको छ भने भौगोलिक हिसाबले हिमालमा ०.५६४, पहाडमा ०.६३२ र मधेसमा ०.५६३ रहेको छ । न्यायपूर्ण विनियोजनको सूचक कुल गार्हस्थ्य उत्पादनलाई मानिन्छ। नेपालको अर्थतन्त्रको ५७ खर्बमा बागमतीको ३६, कोशीको १६, लुम्बिनीको १४, मधेसको १३, गण्डकीको ९, सुदूरपश्चिमको ७ र कर्णालीको ४ प्रतिशत रहेको छ। यसका साथै हाम्रो गिनी सूचकाङ्क ०.३००६, पञ्चायतको त कुरा छोडौं प्रजातन्त्र आएको ३५ वर्ष बितिसकेपछि सार्वजनिक भएको माथिको तथ्याङ्कहरूले के देखाउँछ भने नेपालको विभिन्न क्षेत्र र वर्गमा असमान वितरण व्यवस्था कायम छ । यो नीति र साधनको अन्यायपूर्ण विनियोजन हो । यसले के देखाउँछ भने समय–समयमा एक्लै वा गठबन्धनबाट सत्ताप्राप्त गरेकाहरूले विचार र आसेपासेको आग्रहमा विनियोजन गर्दै आएका छन्। यसले अर्थशास्त्रको सामान्य सिद्धान्त मुद्रा कम उपयोगिता भएको क्षेत्रबाट बढी भएको क्षेत्रमा प्रवाहित हुनुपर्दछ भन्ने सामान्य सिद्धान्तको समेत पालना नभएको साबित हुन्छ । नेपालमा धनी व्यक्तिहरूलाई धेरै कर लगाएर आयहीन वा न्यून भएको वर्गमा स्रोत साधन परिचालन गर्ने राजस्वको सामान्य सिद्धान्तको समेत उपेक्षा भएको देखिन्छ। नेपालमा सन् २०१५ सम्म समानान्तर हिंडेको प्रत्यक्ष र अप्रत्यक्ष कर २०१७–१८ देखि प्रत्यक्ष करको ठाउँमा अप्रत्यक्ष कर ह्वात्तै बढेको तथ्याङ्कले देखाउँछ । यो पनि न्यायपूर्ण देखिंदैन । वास्तविक अर्थमा भन्नुपर्दा यो नै राजनीति हो । राजनीति भनेकै लोक कल्याणकारी व्यवस्था वा शासन प्रणाली हो र यसको स्थापना न्यायपूर्ण विनियोजनबाट मात्र सम्भव छ। यसैलाई समाजवाद भनिन्छ। महामानव विपीले समाजवादको परिभाषा दिंदा प्रजातन्त्रलाई आर्थिक समानतासँग जोड्नु नै समाजवाद हो भनेको शासन सञ्चालकहरूलाई अवगत छ, छैन थाहा भएन तर उनीहरूले पोलिटिकल इकोनोमी (राजनीतिक अर्थशास्त्र) पक्कै सुनेको र बुझेको हुनुपर्छ। नेपालको लागि विपीको समाजवाद भनेको नै राजनीतिक अर्थशास्त्र हो ।

अहिले भएको सत्ता परिवर्तन केका लागि भनेर प्रश्न भइरहेको बेला मलाई लाग्छ नयाँ बन्ने गठबन्धनले माथि उल्लिखित तथ्याङ्क सच्याउन सबभन्दा पहिले न्यायपूर्ण विनियोजनको सिद्धान्त अँगालेर समय किटान गरेर गिनी सूचकाङ्क र मानव विकास सूचकाङ्कलाई सुधार गर्नेगरी बजेट निर्माण गरेर हिंड्न सक्यो भने आन्तरिक अर्थतन्त्रमा सुधारको गुञ्जाइस देखिए पनि सम्भावना अत्यन्त क्षीण छ । यस वर्षको बजेटमा आमूल परिवर्तन सम्भव छैन। अर्को वर्ष आउने ओली नेतृत्वको बजेट र त्यसपछि सत्ता सम्हाल्ने देउवा सरकारले समेत चुनाव जित्नको लागि चुनावमुखी बजेट नै ल्याउने छन् भन्ने कुरा निश्चितप्रायः छ। त्यसैले हाम्रो आन्तरिक अर्थतन्त्रको समस्या छिटो समाधान हुने अवस्था देखिएको छैन ।

# आयोजना अलपत्र हुँदा एक हजार दुई सय घर खानेपानीबाट वञ्चित

गोलबजार (सिराहा), १५ साउन/रासस

सिराहाको कल्याणपुर नगरपालिका–१२ तिलासीमा बेल्हा खानेपानी तथा सरसफाइ आयोजनाको काम अलपत्र रहेको छ ।

पञ्चवर्षीय योजनासहित विसं २०७२ देखि शुरू भएको उक्त खानेपानी आयोजना नौ वर्ष बित्दा पूरा नभएको हो । पाँच वर्षभित्र एक हजार दुई सय घरधुरीलाई स्वच्छ खानेपानी खुवाउने लक्ष्यसहित खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय लहानले रु छ करोड ५० लाखमा आयोजना बनाउन शुरू गरेको थियो । कार्यालयले हालसम्म रु दुई करोडमा दुईवटा बोर्डिङ गाडेर टङ्की बनाएर बाँकी काम अलपत्र छाडेको छ।

समयमैं पूर्णता दिन बेल्हा खानेपानी उपभोक्ता समितिका अध्यक्ष कुशेश्वर ठाकुरले भने पाँच वर्षभित्र योजना सम्पन्न गर्ने भने पनि नभएको स्थानीयको गुनासो छ । "डिभिजन कार्यालयमा धाउँदा धाउँदा र हाकिमलाई भन्दाभन्दा थाकिसकें," उपभोक्ता समितिका अध्यक्ष ठाकुरले भने ।

साबिकको लहान खानेपानी तथा सरसफाइ डिभिजन पछिल्लो समय समायोजना भएर सप्तरीको राजविराज डिभिजन कार्यालय अन्तर्गत समावेश भइसकेको छ। आर्थिक वर्ष २०७९/८० असार मसान्तमा डिभिजन कार्यालय राजविराजले रु १९ लाखको बोरिङको पाइप किनेर कार्यालयअगाडि थुपारेर छाडेको छ । त्यो पाइप जडान गर्न त्यसपछि कहिल्यै डिभिजन कार्यालयका कर्मचारी नै पुगेनन् । आर्थिक वर्ष २०८०/८१ म छुटयाएको रु १७ लाख डिभिजनले कामै नगरी 'फ्रीज' भएर गएको बताइएको छ ।

कल्याणपुर–१२ का अध्यक्ष दिलीपकुमार यादवले भने वडावासीलाई स्वच्छ खानेपानी खुवाउन निरन्तर योजनाबारे सोधीखोजी गरिरहेको बताए। "डिभिजन कार्यालयले छुटयाएको खुद्रे बजेटले पनि लापरबाही काम गर्छ," अध्यक्ष ठाकुर भन्छन्, "यसरी यो आयोजनाले कहिले पूर्णता पाउँदैन ।"

सरकार र स्थानीय जनप्रतिनिधिको बेवास्ताले खानेपानी आयोजना अलपत्र परेको स्थानीय बताउँछन् । सङ्घीय सरकारबाट प्रदेशमा हस्तान्तरण भएको आयोजना भएकाले उचित बजेट नदिंदा पूर्णता पाउन नसकेको खानेपानी तथा सरफाइ डिभिजन कार्यालय राजविराजका प्रमुख विश्वनाथ यादवले बताए ।

# प्रभावकारी बन्दै भूमिगत सिंचाइ प्रणाली

जनकपुरधाम, १५ साउन/रासस

कृषि क्षेत्रको उत्पादकत्वमा वृद्धि तथा किसानको खेतमा सिंचाइ सुविधा पुऱ्याउनका लागि महोत्तरी र धनुषामा भूमिगत सिंचाइ प्रणाली प्रभावकारी बनेको छ ।

नहर एवं नदीनालाबाट सिंचाइको व्यवस्था नभएको तथा आकाशे पानीमाथि निर्भर रहेका किसानका लागि यो प्रविधि वरदान साबित भएको महोत्तरी गौशालाका स्थानीय किसान रामलाल महतोले बताए । उनले यसबाट खेतीका लागि मात्रै नभई खानपिनका साथै दैनिक जीवनमा समेत प्रयोग भइरहेको उल्लेख गरे ।

मधेस प्रदेश सरकारको जलस्रोत तथा भूमिगत सिंचाइ विकास डिभिजन कार्यालय जलेश्वर, महोतरीद्वारा धनुषा तथा महोत्तरी जिल्लाको ग्रामीण क्षेत्रमा जडान गरिएको डीप टयुवेल तथा पावरड्रिलबाट सिंचाइ सुविधा पुऱ्याइएको हो ।

एउटा डीप टयुवेलबाट ४० बिघा खेत सिञ्चित हुने गरेको छ। महोत्तरी तथा धनुषामा हालसम्म ३५ वटा डीप टयुवेल जडान भएर एक हजार चार सय बिघा कृषियोग्य जमीन सिञ्चित भइरहेको छ । एउटा डीप टयुवेलको संरचना निर्माणदेखि सञ्चालन गर्दाको अवस्थासम्म रु एक करोडभन्दा बढी रकम लाग्ने गरेको छ ।

गत आर्थिक वर्षमा थप पाँचवटा डीप टयुवेल निर्माण प्रक्रिया शुरू भएको छ । एउटा निर्माणमा रु ३० लाखसम्म खर्च भएको तथा चालू आर्थिक वर्षमा थप खर्च गरेर निर्माण सम्पन्न गरिने सो कार्यालयले जनाएको छ । अहिले पाँचवटाको निर्माणमा रु एक करोड ५० लाख खर्च भइसकेको छ ।

त्यसैगरी, महोत्तरी तथा धनुषामा हालसम्म ५० वटा पावरड्रिल निर्माण भई सञ्चालनमा रहेको सो कार्यालयका सूचना अधिकारी तथा इन्जिनीयर अमलेश यादवले जानकारी दिए ।

एउटा पावरड्रिलबाट नौ बिघा जमीन सिञ्चित हुने गरेको छ। एउटा पावरड्रिल निर्माणदेखि सञ्चालनसम्ममा रु १६ लाख लाग्ने गरेको छ । अहिलेसम्म ५० वटा पावरड्रिल निर्माणमा रु एक करोड २९ लाख ६० हजार खर्च भएको कार्यालयले जनाएको छ ।

दुवै जिल्लामा डीप टयुवेल तथा पावरड्रिलबाट एक हजार ८५० बिघा जमीनमा सिंचाइ भइरहेको कार्यालय प्रमुख नयन पोखरेलले बताए । डीप टयुवेलको निर्माण उपभोक्ता समितिमार्फत हुने गरेको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# उच्च शिक्षाका लागि स्वदेशमैं अवसर उपलब्ध गराउन त्रिवि पदाधिकारीलाई प्रधानमन्त्रीको आग्रह

काठमाडौं, १५ साउन/रासस
प्रधानमन्त्री केपी शर्मा ओलीले त्रिभुवन




विश्वविद्यालयको पुनर्संरचना र पाठ्यक्रममा समयानुकूल परिमार्जन गर्दै उच्च शिक्षाका लागि देशमा नै अवसर प्रदान गर्नुपर्ने बताएका छन्।
विश्वविद्यालयको मङ्गलवार भएको सिनेट बैठकमा प्रधानमन्त्री ओलीले समयको माग अनुसार अध्ययन–अध्यापनलाई अनुसन्धानमूलक एवं प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिए। उनले ठूलो सङ्ख्यामा विद्यार्थी विदेशिने क्रमलाई रोक्न स्वदेशमा नै गुणस्तरीय शिक्षामा आफूलाई केन्द्रित गर्न विश्वविद्यालयका पदाधिकारीहरूलाई आग्रह गरे।
प्रधानमन्त्री ओलीले विश्वविद्यालयमा विगतमा सेवा आयोगबाट लिइएका परीक्षाको नतीजा प्रकाशन, शिक्षक कर्मचारीको रिक्त दरबन्दीमा नयाँ भर्नाका लागि विज्ञापन गरी जनशक्ति अभाव पूर्ति, विश्वविद्यालय सेवामा प्रवेश गरिसकेका जनशक्तिलाई क्षमता अभिवृद्धि र अनुसन्धानका अवसर प्रदान गर्दै उनीहरूलाई सेवामा कायम राख्नु अहिलेको आवश्यकता भएको बताए।
“यी विषयमा के कति काम भएका छन् भन्ने समीक्षा गर्न पनि जरुरी छ। यदि सुधारको गति सुस्त छ भने यसलाई

तीव्रता दिन सबैले आआफ्नो ठाउँबाट पहल गर्न म सबैलाई आग्रह गर्छु,”

प्रधानमन्त्री ओलीले भने, “विश्वविद्यालयको प्राज्ञिक तथा प्रशासनिक कार्यका विविध पक्षलाई मैले नजीकबाट नियालिरहेको छु। विभिन्न माध्यमबाट विश्वविद्यालयका गतिविधिबारे मैले जानकारी लिने गरेको छु। विश्वविद्यालयहरूमा कस्ता समस्या छन्, ती समस्या कसरी उत्पन्न भएका हुन् र तिनको समाधानका लागि विश्वविद्यालयका पदाधिकारी र सरोकारवाला पक्षसँग घनीभूत छलफल आवश्यक छ। सबैको प्रयासलाई संयोजित ढङ्गले अघि बढाएर समस्याको समाधान गर्नुपर्छ।”
प्रधानमन्त्री ओलीले विश्वविद्यालयका नीतिगत र दीर्घकालीन महत्त्वका विषयमा आवश्यक गृहकार्य गरी चाँडै अर्को सिनेट बैठक गरेर निचोडमा पुगिने विश्वास व्यक्त गरे। चाँडै अर्को बैठक गरेर नीतिगत विषयमा छलफल गर्ने प्रधानमन्त्रीको उद्घोषलाई सभाका विद्यार्थी प्रतिनिधिले सकारात्मकरूपमा लिएका थिए।
सिनेट बैठकमा सदस्यले बेरुजूका सम्बन्धमा उठाएका प्रश्नमा प्रधानमन्त्री ओलीले विगतदेखि नै बेरुजू घट्न नसकेकाले रु २८ अर्ब बेरुजू देखिएको सम्परीक्षण गराइएपछि त्यो रकम घट्ने

विश्वास व्यक्त गरे। त्यसमा देखिएका जटिलताका विषयमा बनाउनुपर्ने कानून निर्माणबारे संसद्मा छलफल हुने उनले बताए। प्रधानमन्त्री ओलीले सरकारबाट प्राप्त हुने रकमलाई विश्वविद्यालय अनुदान आयोगबाट विश्वविद्यालयलाई वितरण हुने भएकोले अनुसन्धानका लागि हाल निर्धारित रकममा कटौती नहुने स्पष्ट गरे।
विश्वविद्यालयमा समावेशिता, सहभागिताका आधारमा परिणाम निकाल्न सक्नेगरी निर्णय हुनुपर्ने निर्देशन प्रधानमन्त्रीले दिए। प्रधानमन्त्री ओलीले प्राध्यापकको मर्यादा निर्धारण र भूकम्पबाट क्षति भएका क्याम्पसका भवन निर्माणमा तदारूकतासाथ काम गर्न आग्रह गरे। उनले विश्वविद्यालयको कुलपति प्रधानमन्त्री रहने कानूनी व्यवस्था नै उपयुक्त हुने तर सभाले नराख्ने निर्णय गरेमा त्यो आफूलाई मान्य हुने बताए।
शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवं सहकुलपति विद्या भट्टराई सहभागी बैठकमा प्रस्तुत विभिन्न सङ्कायबाट ६२औं ग्रेसलिस्टमा समाविष्ट ७३ हजार ९९५ विद्यार्थीलाई उपाधिका लागि अनुमति दिएको छ। चालू आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम र बजेट पनि पारित भएको छ।

# खीर खाएर मनाइयो साउन १५ को परम्परा

काठमाडौं, १५ साउन/रासस
नेपाली समाजमा परापूर्वकालदेखि मनाउँदै आएको सांस्कृतिक पर्व साउन १५ मङ्गलवार घरघरमा खीर खाएर मनाइएको छ।
वर्षा ऋतुका बेला असार १५ गते दही, च्युरा र साउन १५ मा खीर खाने प्राचीनकालदेखिको परम्परा नेपाली समाजमा रहँदै आएको छ। साउने झरी पर्ने बेलामा तातो खीरले स्वास्थ्यलाई राम्रो गर्ने भएकाले खाने गरिएको हो। दूधमा मरमसलालगायत चीजबीज हालेर बनाइने खीरले स्वास्थ्यमा राम्रो गर्ने भएकाले यसको परम्परा बसेको विश्वास गरिन्छ।
संस्कृत भाषामा पायस भनिने खीर सात्त्विक आहारमध्येमा उत्तम मानिने भएकाले पितृ एवं देव कार्यमा पनि महत्त्वपूर्ण वस्तुका रूपमा वैदिकशास्त्रमा वर्णन गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्य प्राडा देवमणि भट्टराई बताउँछन्।
साउन महीनामा गाउँघरमा पनि खेतीपातीको काम सकिन्छ। हरियाली बढी हुने भएकाले घाँस बढी पाइन्छ। राम्रा धेरै घाँस पाइने बेलामा गाई, भैंसीले पनि धेरै दूध दिन्छन्। दूध धेरै भएपछि इष्टमित्र, चेलबेटीलाई घरमा बोलाएर खीर खाने चलन शुरू भएको हो।
साउन भगवान् शिवको महीना हो। शिवलाई दूध र दूधमा बनेका परिकार मनपर्ने भएकाले विधिपूर्वक चढाइन्छ। यसैले गर्दा साउनको मध्य पारेर खीर खाने प्रचलन चलेको हुन सक्ने धर्मशास्त्रविद् भट्टराई बताउँछन्। तर यसको कुनै शास्त्रीय वचन वा प्रमाण भने छैन। ऋषिमुनिको पालादेखि नै श्राद्धलगायत पितृकार्यमा निमन्त्रण गरिएका ब्राह्मणलाई पायस अर्थात् खीर खुवाउने गरिएको थियो। अहिले पनि वैदिक सनातन धर्मावलम्बीले श्राद्धका दिन अनिवार्यरूपमा गाईको दूधमा पायस अर्थात् खीर बनाउँछन्।
यसैगरी, साउन महीनामा हरियो मकै धेरै पाइने भएकाले मकैको खीरसमेत बनाएर खाने चलन छ। खीर खाँदा देवतालाई चढाएर खानुपर्छ भन्ने धार्मिक

(बाँकी चौथो पातामा)



**कोतगढीको कलात्मक प्रवेशद्वार:** दैलेखको नारायण नगरपालिका–१ पुरानो बजारमा रहेको ऐतिहासिक कोतगढीको कलात्मक प्रवेशद्वार। यो गढी करीब १४औं शताब्दीतिर बनेको भनाइ छ। तस्बिरः सुरेश आचार्य/रासस

# राहुघाट जलविद्युत् आयोजनाः मुख्य सुरुङको “ब्रेकथ्रु”

म्याग्दी, १५ साउन/रासस
नेपाल विद्युत् प्राधिकरणद्वारा म्याग्दीको रघुगङ्गा गाउँपालिकामा निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको मुख्य सुरुङको मङ्गलवार ‘ब्रेकथ्रु’ भएको छ।
प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावर प्रवर्द्धक रहेको राहुघाटको छ हजार २७० मिटर लामो सुरुङको ‘ब्रेकथ्रु’ भएको हो। रघुगङ्गा गाउँपालिका–४ दग्नामको फेदीमा रहेको बाँधदेखि वडा नं ३ तिल्केनीचौरसम्म जोड्ने सुरुङ जोडिएको आयोजनाका प्रबन्ध सञ्चालक गणेश केसीले जानकारी दिए। सो सुरुङमार्ग खन्ने क्रममा चारवटा पहुँचमार्ग (अडिट) खण्डीकृत गरी ‘ब्रेकथ्रु’ गरिएको आयोजनाले जनाएको छ।
रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारी र प्रबन्ध सञ्चालक केसीले बाँध र अघेरीखोलाको अडिट नं २ जोड्ने दुई हजार ३३२ मिटर लामो सुरुङमा संयुक्तरूपमा ‘स्विच’ थिचेर विस्फोट गराइ ‘ब्रेकथ्रु’ गरेका हुन्।
अडिट १ बाट ८७५ र अडिट २ बाट एक हजार ४५८ मिटर सुरुङ निर्माण भएको हो। गत फागुनमैं जोडिएको तीन हजार ८३६ मिटर लामो दोस्रो र तेस्रो नं अडिटको सुरुङलाई लाइनिङ (प्लास्टर) गर्ने काम भइरहेको छ। गाउँपालिका अध्यक्ष भण्डारीले राहुघाटको मुख्य काम सुरुङ निर्माण भएकामा खुशी व्यक्त गर्दै आयोजना निर्माणमा सहजीकरण एवं समन्वय गरेको बताए।
रघुगङ्गा गाउँपालिका–३ पिप्लेस्थित मुख्य सुरुङको आउटलेट (अन्तिम बिन्दु)देखि तिल्केनीचौरमा निर्माणाधीन विद्युत्गृहमा पानी खसाल्ने पाइपलाइन राख्ने एक हजार ४९ मिटर लामो प्रेसर साफ्ट सुरुङ गत जेठ महीनामा जोडिएको थियो। मुख्य सुरुङबाट आउने पानीलाई




विद्युत्गृहमा लैजाने पाइपलाइन राख्नका लागि प्रेसर साफ्ट बनाइएको हो। पिप्लेमा ६१ मिटर गहिरो ‘सर्च साफ्ट’ निर्माण सकिएको छ। जलविद्युत् आयोजनामा सुरुङ निर्माण कार्यलाई प्राविधिकहरूले प्रमुख उपलब्धिका रूपमा लिने गर्छन्। सुरुङ ब्रेकथ्रु भएकामा प्राधिकरण, प्रवर्द्धक, निर्माण कम्पनी, परामर्शदाता तथा जनप्रतिनिधिहरूले खुसियाली व्यक्त गरेका छन्। यसरी सुरुङको ‘ब्रेकथ्रु’ भएसँगै सिभिलतर्फ आयोजनाको ६० प्रतिशत काम सम्पन्न भएको आयोजना प्रमुख राजबहादुर विष्टले जानकारी दिए।
सिभिल ठेकेदार जयप्रकाश एशोसिएट्स (जेपी)ले २०७६ असार ८ गते पिप्लेस्थित अडिट नं ३ बाट सुरुङ निर्माण थालेको थियो। भारतीय आयात निर्यात (एक्जिम) बैंकको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा प्राधिकरण र नेपाल सरकारको संयुक्त लगानीमा निर्माण भइरहेको आयोजनाको सिभिल ठेकेदार जयप्रकाश एशोसिएट्स (जेपी)सँग २०७४ मङ्सिरमा ठेक्का सम्झौता भएको थियो।
ठेक्काको ४५ महीनाको अवधिमा कोरोना महामारी, बाढीपहिरोका कारण काम सम्पन्न हुन नसकेपछि ३० महीना म्याद थपिएको थियो। २०७६ कात्तिकमा ठेक्का सम्झौता गरेको इलेक्ट्रिकल ठेकेदार हेभी इलेक्ट्रिकल्स लिमिटेड (भेल)ले भारतमा निर्माण गरेका उपकरणको परीक्षण गरी आयातको प्रक्रिया अघि बढाएको छ। सो आयोजनाको इलेक्ट्रोमेकानिकलतर्फ २५ प्रतिशत भौतिक प्रगति भएको बताइएको छ।
कमजोर आर्थिक अवस्थाका कारण २०७२ सालमा पुरानो ठेकेदार आइभिआरसिएलसँगको ठेक्का तोडेर कम्पनीको अवधारणा र इन्जिनीयरिङ प्रक्युमेन्ट एन्ड कन्टचाक्ट (इपिसी) बमोजिम राहुघाट जलविद्युत् आयोजना निर्माणअघि बढाइएको थियो। पहिलो

(बाँकी पाँचौं पातामा)

# सरकारी कार्यालयले नै तिर्दैनन् खानेपानी महसूल

वीरगंज, १५ साउन/रासस
नेपाल खानेपानी संस्थान शाखा कार्यालय वीरगंजको आर्थिक वर्ष २०८०/८१ असार मसान्तसम्मको सरकारी कार्यालय तथा निजी ग्राहकको खानेपानी महसूलको बक्यौता रकम रु १२ करोड ३३ लाख ५७ हजार ४१८ पुगेको छ।
सरकारी कार्यालय तथा निजी घरमा संस्थानको खानेपानी लाइन जोडे पनि नियमित महसूल भुक्तानी नगर्दा बक्यौता रकम बर्सेनि वृद्धि हुँदै आइरहेको छ। बक्यौता रकममध्ये सरकारी निकायले तिर्नुपर्ने बक्यौता रकम रु तीन करोड ९८ लाख ९७ हजार ७४८ रहेको छ भने निजी घरमा खानेपानी प्रयोग गरेबापत तिर्नुपर्ने बक्यौता रकम रु आठ करोड ३४ लाख ५९ हजार ६७० रकम बक्यौता कायमै छ।
कार्यालय प्रमुख मन्दीप श्रेष्ठले वर्षौंदेखि सरकारी तथा निजी घरमा खानेपानीको लाइन जोडेर नियमित महसूल भुक्तानी नगर्दा बक्यौता रकम बढेको बताए। “सरकारी तथा निजी घरले खानेपानी उपयोग गरे पनि बक्यौता रु सवा १२ करोडभन्दा बढी छ”–उनले भने–“निजीमात्र होइन, वीरगंजका ४५ भन्दा धेरै सरकारी निकायका खानेपानीको बक्यौता चार करोड हाराहारीमा छ।”
कार्यालयका अनुसार नारायणी अस्पतालको मात्रै बक्यौता रु एक करोड ८४ लाख ७८ हजार ९७० छ। वीरगंज महानगरपालिका र सो मातहतका वडा कार्यालयको बक्यौता रु एक करोडभन्दा बढी छ। ठाकुर राम क्याम्पसको रु ४९ लाख ६१ हजार ४१७ छ।
जिल्ला प्रशासन कार्यालय, पर्साको पनि बक्यौता रु ३५ लाख १० हजार ४४७ छ। कार्यालय प्रमुख श्रेष्ठले खानेपानीको बिल अनुसारको महसूल तीन महीनाभित्र भुक्तानी नगरेको खण्डमा ५० प्रतिशत जरिवाना लाग्ने प्रावधान रहेको बताए। “खानेपानीको महसूल नतिर्ने निजी तथा सरकारी निकायलाई ताकेता गर्दै आइरहेका छौं। तर अहिलेसम्म अपेक्षाकृतरूपमा बक्यौता रकम असुलउपर गर्न सकिरहेका छैनौं।”
कार्यालयका अनुसार आव २०८०/ ८१ को असार मसान्तसम्मको अवधिमा यो कार्यालय मातहत ११ हजार १३९ घरमा खानेपानीको लाइन जडान भएको छ। कार्यालयले गत आवमा सानाठूला गरेर २१ किलोमिटर पाइप लाइन विस्तार गरेको जनाएको छ।

# गाउँगाउँबाट कृषि ‘एम्बुलेन्स’ले ल्याउँछ तरकारी

कास्की, १५ साउन/रासस
पोखरा महानगरपालिका–७ माछापुच्छ्रे टोलकी आस्था गिरी सोमवार साँझ आफ्नै घरछेउमा थरीथरीका तरकारी किन्न पाउँदा मख्ख थिइन्। त्यहाँ उनीजस्ता धेरै गृहिणीको तरकारी किन्न भीड लागेको थियो।
कृषि एम्बुलेन्सले गाउँगाउँबाट ल्याएका तरकारी, पोखरा महानगरपालिकाले वडा नं ७ को रत्नचोकमा सोमवारदेखि किसान बजार सञ्चालनमा ल्याएपछि उपभोक्ता खुशी भएका छन्। फर्सीका मुन्टा, गोलभेंडा, करेलालगायत तरकारी हातमा लिएर आस्थाले भनिन्–“पृथ्वीचोकतिर पुगेर तरकारी ल्याउने गरेका थियौं, यसरी घरनजीकै छानीछानी ताजा तरकारी पाउँदा खुशी लागेको छ। यो बजार निरन्तर सञ्चालन भए अझ दैनिक ताजा तरकारी पाइथ्यो कि ?”
स्थानीय उत्पादन उपभोग प्रवर्द्धनका लागि पोखरा महानगरपालिकाले पोखराका विभिन्न स्थानमा किसान बजार सञ्चालनमा ल्याएको छ। महानगरले गाउँमा उत्पादन भएका कृषि उपज बजारसम्म ल्याउन कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएको छ। कृषि एम्बुलेन्सले महानगरका ग्रामीण बस्तीमा उत्पादित तरकारी निश्शुल्क बजारमा बिक्री वितरणमा सहयोग पुगेको छ। गत वर्षदेखि महानगरले कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएको थियो।
कृषि एम्बुलेन्सले उत्पादक र उपभोक्तालाई जोड्ने काम गरेको महानगर कृषि तथा आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरियाले बताए। उनका अनुसार पोखराका सात ठाउँमा सातामा एक दिन किसान बजार सञ्चालन हुने गरेकामा माग बढ्दै गएकाले केही वडामा सातामा दुई दिन बजार सञ्चालन हुने गरेको छ।
ग्रामीण भेगका साना किसानले उत्पादन गरेको कृषि उपज सङ्कलनका लागि महानगरका २१ स्थानमा सङ्कलन केन्द्र स्थापना गरिएको र ती ठाउँमा एम्बुलेन्स पुगेर कृषि उपज बजारमा ल्याउने गरेको महाशाखा प्रमुख कडरियाले बताए।
“ठूला किसानले आफ्नै गाडीबाट ल्याएर बजारमा बिक्री गरे पनि साना किसानले त्यसरी बिक्री गर्न सक्दैनन्। अहिले किसान उत्पादित कृषि उपज सङ्कलन केन्द्रमा लिएर आउँछन्, कृषि एम्बुलेन्सले त्यहाँबाट बजारसम्म ल्याउने गर्छ। अहिले उत्पादकको उत्पादनले राम्रो बजार पाएको छ भने उपभोक्ताले स्वस्थ, विषादीरहित र ताजा कृषि उत्पादन उपभोग गर्न पाउनुभएको छ”– प्रमुख कडरियाले भने।
कृषि एम्बुलेन्स सञ्चालनसँगै बजारका उपभोक्ताले विषादीरहित ताजा तरकारी उपभोग गर्न पाएको बताइन्छ। बाहिरबाट ल्याउँदा तरकारी क्षति हुने, प्रदूषित हुने गरेकोमा अहिले एकदेखि दुई घण्टामा उत्पादकदेखि उपभोक्तासम्म आइपुग्ने अवस्था रहेको महाशाखा प्रमुख कडरियाले बताए।
उनले भने–“बाहिरबाट तरकारी ल्याउँदा क्षति हुने गरेको थियो। प्रदूषितसमेत हुन्थ्यो। चिस्यान सुविधासहितको एम्बुलेन्समा राखेर ल्याउँदा तरकारी बिग्रँदैन। एक–दुई घण्टामा उत्पादकदेखि उपभोक्तासम्म आउने गरेको छ।”
कृषि उपजमा हुने क्षति कम, उत्पादन क्षेत्रदेखि बजार केन्द्रसम्म सुरक्षित उपज ढुवानी, बजारीकरण र बिचौलियापनको अन्त्य, किसानलाई तरकारी बजारसम्म पुऱ्याउन हुने तनावको अन्त्य, स्थानीय उत्पादनलाई प्रोत्साहन र उपभोक्ताको घरघरमा ताजा तरकारीको उपलब्धतामा एम्बुलेन्सले सहयोग पुगेको बताइन्छ।

# समावेशी प्रतिनिधित्व संविधानमा लेखेर नहुँदो रहेछ ...

काठमाडौं, १५ साउन/रासस
प्रमुख सत्ता साझेदार नेपाली काङ्ग्रेसका सांसद ईश्वरी न्यौपानेले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको मन्त्रिमण्डल समावेशी नभएकामा असन्तुष्टि व्यक्त गरेकी छन् । प्रतिनिधिसभाको मङ्गलवारको बैठकको विशेष समयमा उनले समावेशी मन्त्रिमण्डल गठन गर्न नेतृत्वको इच्छाशक्ति नदेखिएको टिप्पणी गरिन् ।

"समावेशी प्रतिनिधित्व संविधानमा लेखेर मात्रै हुँदो रहेनछ, नेतृत्वको दृढ इच्छाशक्ति भयो भने संविधानमा नलेखे पनि हुँदो रहेछ भन्ने उदाहरण २०१५ सालको संसदीय निर्वाचन र २०१६ को मन्त्रिमण्डललाई लिन सकिन्छ," उनले भनिन्, "पहिलो आम निर्वाचनपछिको १९ सदस्यीय मन्त्रिमण्डलमा छ जनजाति, दुई मधेसी, थारू र महिला एक/एक जना हुनुहुनथ्यो ।"

तत्कालीन प्रधानमन्त्री विपी कोइरालाले सुदूरपश्चिमका द्वारिकादेवी ठकुरानीलाई मन्त्री बनाएको स्मरण गर्दै उनले वर्तमान मन्त्रिपरिषद् गठनमा त्रुटि भएको टिप्पणी गरिन् । राजनीतिक स्थिरताका लागि वर्तमान सरकार गठन भएको उल्लेख गर्दै उनले सरकारले जनताको आशा अपेक्षा पूरा गर्ने विश्वास व्यक्त गरिन् ।

नेपाल कम्युनिस्ट पार्टी (एमाले)का सांसद गोकुलप्रसाद बाँस्कोटाले देश र जनताका अगाडि आएका समस्या समाधानमा बहस नभई राजनीतिक दलबीचको आरोप र प्रत्यारोपले जनतालाई निराश बनाएको बताए । समावेशिता नेपाली राजनीतिको सिद्धान्त भएको उल्लेख गर्दै उनले वर्तमान सरकारले संविधान संशोधनमार्फत समावेशितालाई प्रगाढ बनाएर लैजाने बताए ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)की सांसद दुर्गा राईले संसद्मा सत्तापक्षले प्रतिपक्षमाथि निषेध गर्न खोजेको आरोप लगाउँदै सत्ता गठबन्धनले मुलुकलाई सुशासन र समृद्धि दिन नसक्ने ठोकुवा गरिन् । "नयाँ समीकरणका बारेमा जनतालाई स्पष्ट थाहा छ, सुशासनलाई कमजोर पार्न सरकारले अनियमितताको अनुसन्धान गरिरहेको प्रहरी अधिकारीको सरुवा गरेको छ," उनले प्रश्न गरिन्, "सरकारको ध्यान कता गइरहेको छ ?"

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा स्वर्णिम वाग्लेले तथ्यमा आधारित रहेर संसद्मा बहस हुनुपर्नेमा जोड दिंदै कोही, कसैले विषयलाई अतिरञ्जित गर्न नहुने बताए । "नयाँ शक्तिलाई गलाउने, झुकाउने, व्यङ्ग्य गर्ने, झूट बोलेर पन्छाउन सकिन्छ कि भन्ने दुश्शाहस कसैले नसोच्नु होला," उनले भने, "नेपालको हितलाई केन्द्रमा राखेर बदलिंदो विश्व समुदायबाट कसरी लाभ लिने भन्ने हामी स्पष्ट छौं, सबैसँग तथ्यगत बहस गर्न तयार छौं ।"

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ध्रुवबहादुर प्रधानले मुलुकको कार्यकारी भूमिकामा रहेका प्रधानमन्त्रीले जिल्ला भ्रमण गर्दा जनताले भेट गर्न नपाउनु विडम्बना भएको बताए । नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का सांसद मेटमणि चौधरीले नेपालकै जेठो त्रिभुवन विश्वविद्यालयको स्तर तीव्र गतिमा खस्किरहेकातर्फ सरकारको ध्यानाकर्षण गराउँदै शैक्षिक पात्रो प्रभावकारीरूपमा कार्यान्वयन गर्न विश्वविद्यालयका पदाधिकारीसँग आग्रह गरे ।

जनता समाजवादी पार्टीकी सांसद रञ्जुकुमारी झाले संसदीय मर्यादालाई ख्याल राखेर बहस गर्न सभामुखले सांसदलाई सचेत गराउनुपर्नेमा जोड दिइन् । "संसद्भित्र बसेर हामी कुन विषय बोल्ने, नबोल्ने, कुन विषयमा शङ्का व्यक्त गर्ने नगर्ने भन्नेमा सीमा देखिएको छैन । यो दुःखद हो, व्यक्तिगतरूपमा पनि मलाई चित्त दुखेको छ । के हुनुपर्थ्यो, के भइरहेको छ," उनले भनिन् ।

जनमत पार्टीका सांसद अब्दुल खानले नेपालमा रहेका विदेशी राजदूतले आन्तरिक मामिलामा हस्तक्षेप गर्न नहुनेमा जोड दिंदै अन्तर्राष्ट्रिय हस्तक्षेप नेपाली जनतालाई स्वीकार्य नभएको बताए । जनता समाजवादी पार्टी नेपालका सांसद प्रकाश अधिकारीले असुरक्षित बन्दै गएका सडक र हवाई यात्रा भरपर्दो र सुरक्षित बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल सांसद रामप्रकाश चौधरीले आरक्षण कोटा दुरुपयोग भएकातर्फ ध्यानार्कषण गराउँदै हरेक १० वर्षमा आरक्षणको पुनरावलोकन हुनुपर्नेमा जोड दिए । नागरिक उन्मुक्ति पार्टीका सांसद गङ्गाराम चौधरीले कैलाली निर्वाचन क्षेत्र नं ३ को हुलाकी राजमार्गको अवस्था भद्रगोल भएकाले अनुगमन गर्न आग्रह गरे ।

नेपाल मजदूर किसान पार्टीका सांसद प्रेम सुवालले नेपालीको सम्पत्ति सीमाङ्कन गरी विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्था गर्न माग गरे । आम जनता पार्टीका सांसद प्रभु साहले मधेस प्रदेश सरकारको जिम्मेवारीमा छाडिएका 'जनता आवास कार्यक्रम' अलपत्र भएको उल्लेख गर्दै सङ्घीय सरकारले निर्माणमा चासो दिनुपर्ने बताए ।

सांसद अमरेशकुमार सिंहले संविधानले समावेशी सिद्धान्तलाई अङ्गीकार गरेको भएपनि सरकारी नियुक्तिमा समावेशिता नदेखिनुले संविधानअनुरूप काम नभएको बताए । काङ्ग्रेस सांसद मैना कार्कीले सङ्क्रमणकालीन न्यायलाई चाँडै निष्कर्षमा पुऱ्याएर पीडितलाई न्याय दिइनुपर्नेमा जोड दिइन् ।

एमाले सांसद अच्युत मैनालीले राजनीतिक दल देश र जनताप्रति उत्तरदायी हुनुपर्छ भन्दै नेतामाथि उठेका प्रश्नको जवाफ सम्बन्धित दलले दिनुपर्ने बताए । सांसद उर्मिला थेवेले ताप्लेजुङ विगतदेखि नै मनसुनजन्य विपद्बाट प्रभावित हुँदै आएकाले पूर्वतयारी र प्रतिकार्यलाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराइन् ।

# देशभर गएर जनताको समस्या बुझ्छु –अध्यक्ष प्रचण्ड

काठमाडौं, १५ साउन/रासस
नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले केन्द्रीय समितिको बैठकपछि आफू देशभर जनतामाझ जाने बताएका छन् ।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा पदाधिकारीको बैठकलाई सम्बोधन गर्दै उनले जनसम्बन्ध विस्तार गर्ने लक्ष्यका साथ आफू जनतामाझ जाने बताएका छन् ।

सङ्गठन विस्तार गर्ने, पार्टी नेता तथा तल्ला तहका कार्यकर्ताको भावना बुझ्ने र पार्टीलाई नयाँ आधारमा रूपान्तरण गर्ने लक्ष्यका साथ आफू देशभर विशेष कार्यक्रम लिएर जाने योजनामा रहेको अध्यक्ष प्रचण्डले बताएको प्रवक्ता एवं उपाध्यक्ष अग्नि सापकोटाले जानकारी दिए ।

सरकारमा रहँदा जनतासँग पार्टीको सम्बन्ध टुटेको भन्ने नेताहरूको भनाइपछि अध्यक्ष प्रचण्डले नयाँ आधारमा जनसम्बन्ध विस्तार गर्ने लक्ष्यका साथ आफू र पार्टीका शीर्ष नेता देशभर जानैपर्ने बताए ।

आगामी निर्वाचनमा माओवादी केन्द्रले कुनै पनि दलसँग गठनबन्धन नगरी निर्वाचनमा सहभागी हुने बताए । कम्युनिस्ट र बृहत् वामपन्थी एकताको लक्ष्यलाई नछाड्ने ठहर गर्दै सो पार्टीले जनताको भावना र चाहना अनुसार



पार्टीलाई प्रभावकारी बनाउने निष्कर्ष निकालेको छ ।

सरकारमा रहँदा सुशासन र सामाजिक न्यायका पक्षमा सञ्चालन गरेको कामलाई जनतामाझ लैजाने र भ्रष्टाचार नियन्त्रणका सन्दर्भमा सञ्चालित अभियानलाई निरन्तरता दिन सरकारलाई जनस्तरबाट दबाव दिने निष्कर्षसमेत बैठकले निकालेको प्रवक्ता सापकोटाले बताए ।

सङ्घीय संसद्मा प्रभावकारीरूपमा प्रमुख प्रतिपक्षीको भूमिका निर्वाह गर्ने, त्यसका लागि जनताका दैनिक समस्यालाई प्रभावकारीरूपमा राख्ने र समाधानका लागि सरकारलाई दबाव दिने योजना माओवादी केन्द्रले बनाएको छ ।

आफूहरूलाई जनतामा जाने सुवर्ण अवसर प्राप्त भएको निष्कर्ष निकाल्दै माओवादी केन्द्रले आगामी केन्द्रीय समितिको बैठकपछि पार्टीको शीर्ष नेतृत्व नै देश दौडाहामा लाग्ने जनाएको छ । माओवादीले यही साउन २५ गते स्थायी समितिको बैठक बोलाएको प्रवक्ता सापकोटाले जानकारी दिए ।

देशभक्त, अग्रगामी शक्तिसँग सहकार्य गर्ने, देश र जनताको समस्या समाधानमा पहल गर्ने र बृहत् वामपन्थी एकताका अलावा कम्युनिस्ट पार्टीको पुनर्गठनलाई समेत अगाडि बढाउने विषयमा पदाधिकारी बैठकले बृहत् छलफल गरेको प्रवक्ता सापकोटाको भनाइ छ । गत शुक्रवारदेखि शुरू भएको माओवादी केन्द्रको पदाधिकारीको बैठक आज सम्पन्न भएको हो ।

## खीर खाएर ...

विश्वास रहिआएको छ । नेपाली बृहत् शब्दकोशले 'दूधमा पकाइएको भात, दूधमा चामल, चिनी, मसला आदि हाली पकाइएको स्वादिष्ट खाद्य पदार्थ, पायस, तस्मै' भनी खीरलाई परिभाषित गरिएको छ ।

नेपाली समाजमा असार १५ गते दही च्युरा, साउन १५ गते खीर, भदौ १५ गते पोलेको मकै, पुस १५ गते घ्यू खट्टे, माघ १५ गते मालपुवालगायत चीजबीज बनाएर इष्टमित्र एवं छोरीचेलीलाई बोलाएर खुवाउने र आफू पनि खाने लौकिक चलन रहिआएको छ ।

खीर खाने पर्वका रूपमा साउन १५ मनाइने भएकाले आज बजारमा दूधको बिक्री पनि धेरै भएको व्यवसायीले जनाएका छन् । धेरै स्थानमा दिउँसै दूध सकिएको थियो । विसं २०७८ देखि साउन १५ लाई राष्ट्रिय दुग्ध विकास बोर्डले खीर दिवसका रूपमा घोषणा गरेको छ । दूधमा बनेका परिकारले कोरोना, डेङ्गुजस्ता भाइरसबाट बचाउन शक्ति प्रदान गर्ने भएकाले रोग प्रतिरोधी क्षमता वृद्धिमा सहयोग पुग्ने पनि बोर्डले जनाएको छ ।



**ट्राफिक नियममा लापरवाही:** वीरगंजको घण्टाघरचोकमा रहेको ट्राफिक बत्ती । यहाँका अधिकांश सवारीचालक र सर्वसाधारणले ट्राफिक बत्तीको बेवास्ता गरी ट्राफिक नियम मिच्ने गरेका छन् । तस्बिरः हिमाल लम्साल/रासस

## फरक समाचार

# महीनावारी अघि मुखमा घाउ-खटिरा आउँछ

हरेक महिलालाई महीनावारी हुन्छ, तर यससँग सम्बन्धित लक्षणहरू सबैमा फरकफरक हुन सक्छन् । कतिपयलाई महीनावारी निकै पीडादायी हुन्छ भने



कतिपयलाई यो अवधिमा रक्तस्रावबाहेक अरू कुनै दुखाइ वा असहज अनुभव हुँदैन ।

महीनावारीको समयमा मुखमा घाउखटिरा आउँछ भने यो लेख तपाईंको लागि हो । यस्तो हुनुको कारण र घरेलु उपचारबारे थाहा पाउनुपर्छ ।

**महीनावारीको समयमा किन आउँछ मुखमा घाउ-खटिराः** महीनावारीको समयमा हर्मोनको स्तरमा उतारचढाव हुन्छ, जसले शरीरमा धेरै परिवर्तन ल्याउँछ । यसले मुखको भित्री भागलाई असर गर्छ र घाउ-खटिरा निम्त्याउन सक्छ । महीनावारीको समयमा शरीरको रोग प्रतिरोधात्मक क्षमता घट्छ, जसका कारण मुखमा ब्याक्टेरिया र भाइरस सजिलै बढेर घाउ-खटिरा निम्त्याउन सक्छ । महीनावारीको समयमा रगतको कमीका कारण शरीरमा केही आवश्यक भिटामिन र मिनरल्सको कमी हुन्छ, जसले गर्दा मुखमा घाउ-खटिरा आउँछ । त्यस्तै, महीनावारीको समयमा तनाव बढ्दा पनि मुखमा खटिरा आउने गर्छ ।

**घरेलु उपचारः** मनतातो पानीमा अलिकति नुन मिसाएर कुल्ला गर्नुपर्छ । नुनको एन्टिसेप्टिक गुणले खटिरा सफा गर्न मदत गर्छ ।

घ्यूकुमारीमा एन्टी इन्फ्लेमेटरी गुण हुन्छ, जसले खटिराको कारण सुजनलाई कम गर्छ । घ्यूकुमारीको जेल खटिरामा लगाउनुपर्छ ।

तुलसीको पातलाई पिसेर पेस्ट बनाएर खटिरामा लगाउनुपर्छ । तुलसीमा एन्टी ब्याक्टेरियल गुण हुन्छ, जसले सङ्क्रमणसँग लड्न मदत गर्छ ।

दहीमा ल्याक्टिक एसिड हुन्छ, जसले खटिरा पार्न मदत गर्छ । आराम पुग्छ ।

सुन्तला, कागती, किवी जस्ता भिटामिन 'सी'युक्त फलफूल खाँदा रोग प्रतिरोधात्मक क्षमता बढ्छ र खटिरा निको हुन्छ ।

यदि मुखको खटिरा धेरै पीडादायी छ, लामो समयसम्म रहन्छ वा रगत बगिरहेको छ भने चिकित्सकसँग सल्लाह लिनुपर्छ ।

# निकै लाभकारी हुन्छ सुकुमेल

सुकमेलले खानाको स्वाद बढाउनुको साथै स्वास्थ्यको लागि निकै लाभकारी हुन्छ । नियमितरूपमा खाली पेटमा दुईवटा सुकुमेल सेवन गर्दा शरीरमा निकै फाइदा हुन्छ ।



एउटा रिपोर्ट अनुसार सुकुमेलमा फाइबर हुन्छ, जसले लामो समयसम्म पेट भरेको अनुभूति गराउँछ । भोक कम लाग्छ । यसबाहेक सुकुमेलले मेटाबोलिज्म बढाउनमा पनि योगदान पुऱ्याउँछ, जसले क्यालोरी जलाउने प्रक्रियालाई गति दिन्छ ।

**पाचन प्रणाली स्वस्थ राख्छः** सुकुमेलले पाचन इन्जाइमको स्रावलाई बढावा दिन्छ, जसले खाना सहज पचाउनमा मदत गर्छ । खाली पेटमा सुकुमेलको सेवनले कब्जियत, अपच र ग्याँसजस्ता पाचन समस्यालाई हटाउन मदत गर्छ । यसको एन्टी इन्फ्लेमेटरी गुणले पेटको सुजन कम गर्न पनि मदत गर्छ ।

**दुर्गन्ध हटाउँछः** सास गन्हाउनु एउटा सामान्य समस्या हो, जसको समाधान सुकुमेलमा हुन सक्छ । सुकुमेलमा एन्टी ब्याक्टेरियल गुण हुन्छ, जसले मुखमा रहेको ब्याक्टेरियालाई हटाउन मदत गर्छ । बिहान खाली पेटमा सुकुमेल चपाउँदा सास ताजा हुन्छ ।

**प्रतिरक्षा बढाउँछः** सुकुमेलमा प्रशस्त मात्रामा एन्टिअक्सिडेन्ट पाइन्छ, जसले शरीरलाई फ्री रेडिकलबाट बचाउँछ । सुकुमेलको नियमित सेवन गर्नाले रोग प्रतिरोधात्मक क्षमता बढाउनुका साथै विभिन्न सङ्क्रमणबाट बचाउन सकिन्छ ।

**रगतमा चिनी नियन्त्रणमा रहन्छः** केही अध्ययन अनुसार सुकुमेलले रगतमा चिनीको मात्रा नियन्त्रण गर्न मदत गर्छ । यद्यपि यो मधुमेह औषधिको विकल्प होइन । यदि तपाईं मधुमेह रोगी हुनुहुन्छ भने सुकुमेलको सेवन गर्नु अघि निश्चितरूपमा चिकित्सकसँग सल्लाह लिनुहोला ।

**छालाको लागि लाभदायकः** सुकुमेलमा राम्रो मात्रामा एन्टिअक्सिडेन्ट र भिटामिन 'सी' हुन्छ, जसले छालालाई कोलाजेन उत्पादनमा मदत गर्छ । यसले छालाको स्वास्थ्य राम्रो बनाउँछ र चाउरीपन कम गर्छ । यसबाहेक सुकुमेलमा पाइने एन्टी-इन्फ्लेमेटरी गुणले छालाको सुजन कम गर्न पनि मदत गर्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## छुरा आक्रमणमा दुई बालबालिकाको मृत्यु, नौजना घाइते




घटना भएको क्षेत्रका सडक बन्द गर्दै प्रहरी । तस्वीरः एजेन्सी

लन्डन, १५ साउन/एएनआई
उत्तरी इङ्ल्यान्डमा सोमवार टेलर स्विफ्ट–थिम गरिएको नृत्य कक्षालाई लक्षित गरी भएको छुरा आक्रमणमा दुईजना बालबालिकाको मृत्यु भएको र अन्य नौजना घाइते भएका स्थानीय प्रहरीलाई उद्धृत गर्दै सिएनएनले जनाएको छ ।
मर्सीसाइड प्रहरीले लिभरपुलको उत्तरस्थित साउथपोर्टमा छुरा प्रहारको खबर प्राप्त गरेको बताएको हो ।
मर्सीसाइड प्रहरीका चिफ कन्स्टेबल सेरेना केनेडीले आक्रमणबाट घाइतेमध्ये छजना बालबालिका र दुईजना वयस्कको अवस्था गम्भीर रहेको रहेको बताइन् ।
आक्रमणकारी छुरा लिएर परिसरभित्र पसेको र बच्चाहरूलाई प्रहार गर्न थालेको प्रहरीले जनाएको छ ।
"आक्रमणमा घाइते वयस्कहरू बहादुरीपूर्वक बच्चाहरूलाई जोगाउन खोजिरहेका थिए भन्ने हाम्रो विश्वास छ"–केनेडीले सोमवार साँझ पत्रकार सम्मेलनमा भनिन् ।
आपत्कालीन सेवाहरूलाई लगभग ११:५० को स्थानीय समयमा शहरमा 'ठूलो घटना' भएको खबर आएको थियो । घटनास्थलबाट १७ वर्षीय बालकलाई पक्राउ गरिएको छ ।
"अनुसन्धान प्रारम्भिक चरणमा छ र घटनाको कारण अस्पष्ट छ"–केनेडीले भनिन् । यो घटना आतङ्कवादसँग सम्बन्धित नभएको प्रहरीले यस अघि बताएको थियो ।
घटनाबारे प्रहरीलाई खबर गर्ने स्थानीय व्यवसायी कोलिन पेरीले उक्त आक्रमण 'हरर फिल्मको दृश्य' जस्तै भएको बताएका छन् ।
साउथपोर्टबाट करीब २० माइल टाढा रहेको लिभरपुलको 'एल्डर हे चिल्ड्रेन' अस्पताल ट्रस्टले यो घटनालाई 'ठूलो घटना' घोषणा गरेको सिएनएनले जनाएको छ ।
"ट्रस्टले यस घटनाको जवाफ दिन अन्य आपत्कालीन सेवाहरूसँग सहकार्य गरिरहेको छ र हाम्रा आपत्कालीन विभाग हाल अत्यन्त व्यस्त छ"–अस्पतालको वेबसाइटमार्फत प्रकाशित विज्ञप्तिमा भनिएको छ ।
बेलायतका राजा चार्ल्स र उनकी पत्नी रानी क्यामिलाले घटनाबाट आफूहरू स्तब्ध भएको बताए ।
"साउथपोर्टमा भएको भयानक घटनाको खबर सुनेर मेरी पत्नी र म स्तब्ध भएका छौं"–राजा चार्ल्सले सोमवार शाही परिवारको आधिकारिक सामाजिक सञ्जालमार्फत साझा गरेको विज्ञप्तिमा भनिएको छ ।
बेलायतका प्रधानमन्त्री कीर स्टारमरले पनि घटनाप्रति प्रतिक्रिया दिँदै यस घटनाले सम्पूर्ण देश स्तब्ध भएको बताएका छन् । रासस

## भियतनामको कोइलाखानीमा पहिरो खस्दा पाँचजनाको मृत्यु

हनोई, १५ साउन/एएफपी
भारी वर्षाका कारण भियतनामको हा लङ बेनजीकै कोइलाखानीमा पहिरो खस्दा पाँचजनाको मृत्यु भएको राज्य सञ्चालित सञ्चारमाध्यमले मङ्गलवार जनाएको छ ।
भियतनामको राज्य सञ्चालित होन गाई कोइला कम्पनीको खानीमा सोमवार दुर्घटना भएको समाचार माध्यम भिएन एक्सप्रेसले जनाएको छ ।
उद्धार टोलीले मङ्गलवार बिहान २३ देखि ४७ वर्ष उमेरका खानी मजदूरहरूको शव उद्धार गरेको हो ।
विपद् अधिकारीहरूले दुर्घटनाको समयमा उत्तरी क्वाङ निन्ह प्रान्तको हा लङ शहरमा आएको भारी वर्षाले पहिरो निम्त्याएको जानकारी गराएका छन् ।
देशको उत्तरी भागमा केही दिनदेखि परेको भारी वर्षाले आकस्मिक बाढी–पहिरो निम्त्याइरहेको छ ।
अप्रिलदेखि क्वाङ निन्ह प्रान्तमा खानी दुर्घटनामा सातजनाको मृत्यु भएको छ । गत वर्ष भियतनाम राज्यद्वारा सञ्चालित कोइलाखानीमा भएको दुर्घटनाले कम्तीमा १० जना कामदारको ज्यान लिएको स्थानीय रिपोर्टमा बताइएको छ । रासस

## भारतमा पहिरोमा परी २४ जनाको मृत्यु

भारत, १५ साउन/एएफपी
भारतमा भारी मनसुनी वर्षाले निम्त्याएको पहिरोमा परी कम्तीमा २४ जनाको मृत्यु हुनुका साथै सयौंभन्दा बढी पहिरोमा फसेको आशङ्का गरिएको अधिकारीहरूले मङ्गलवार बताएका छन् ।
भारतको दक्षिणी तटीय राज्य केरलामा वर्षाका कारण वायनाड जिल्लास्थित घटनास्थलको प्रमुख पुल भत्किएकोले उद्धार कार्यमा बाधा पुगेको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् ।
केरला राज्यकी स्वास्थ्यमन्त्री रीना जर्जले समाचार तयार पार्दासम्म विभिन्न अस्पतालमा २४ वटा शव प्राप्त भएको बताउँदै घाइतेको जिल्ला अस्पतालमा उपचार भइरहेको प्रेस ट्रस्ट अफ इन्डिया समाचार एजेन्सीलाई बताइन् ।
भारतीय सेनाले खोज तथा उद्धार कार्यका लागि यस क्षेत्रमा २०० भन्दा बढी सैनिक तैनाथ गरेको जनाएको छ ।
प्रधानमन्त्री नरेन्द्र मोदीले सामाजिक सञ्जाल एक्समा केरला सरकारलाई विपद्को अवस्थामा सम्भावित सबै सहयोग गर्ने आश्वासन दिएका छन् । उनले घटनाप्रति दुःख व्यक्त गर्दै मृत आत्माको चिरशान्तिको कामना तथा परिवारजनमा समवेदना प्रकट गरेका छन् ।
केरलामा मङ्गलवार थप वर्षाका साथै तीव्र हावाहुरीको पूर्वानुमान गरिएको राज्यको विपद् व्यवस्थापन एजेन्सीले जनाएको छ । रासस


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com




**वैष्णोदेवी मन्दिर जाँदै भक्तजन :** भारतको केन्द्र शासित जम्मु–काश्मीर राज्यको कटरा जिल्लाको त्रिकुटा पहाडी क्षेत्रमा अवस्थित हिन्दू धर्मावलम्बीहरूको प्रसिद्ध वैष्णोदेवी मन्दिरमा पूजाअर्चनाका लागि घोडामा चढेर जाँदै भक्तजन । मन्दिरसम्म पुग्नका लागि हिंडेर जानुपर्छ । हिंड्न नसक्नेलाई घोडा चढेर वा मान्छेले बोकेर लैजाने व्यवस्था रहेको छ । तस्बिरः रत्न श्रेष्ठ/रासस

## १० लाख नगदसहित जुवाको खालबाट नौजना पक्राउ

काठमाडौं, १५ साउन/रासस
प्रहरीले जुवा खेलिरहेको अवस्थामा रु १० लाख ११ हजारसहित नौजनालाई पक्राउ गरी मङ्गलवार सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा सिन्धुपाल्चोक घर भई हाल काठमाडौं महानगरपालिका–६ जोरपाटी बस्ने ४६ वर्षीय अशोक लामा, ताप्लेजुङ घर भई हाल काठमाडौंको टोखा नगरपालिका–५ बस्ने ३८ वर्षीय नारायण लाबुङ, बूढानीलकण्ठ नगरपालिका–५ देउला टोल बस्ने २१ वर्षीय कवीर देउला रहेका जनाइएको छ ।
यस्तै, काठमाडौं–१९ वसन्तपुर बस्ने २१ वर्षीय निलेश महर्जन, सोही ठाउँका ४५ वर्षीय राजेश श्रेष्ठ, बूढानीलकण्ठ–५ देउला बस्ने ३३ वर्षीया सरिता देउला, काठमाडौं–१५ डल्लु बस्ने ४८ वर्षीय दीपक महर्जन, काठमाडौं–१३ कालीमाटी बस्ने ४८ वर्षीय विवेक महर्जन तथा काठमाडौं–१५ डल्लु बस्ने ५२ वर्षीय प्रकाश शाही पक्राउ परेका जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिनुभयो ।
उहाँले भन्नुभयो, "सोमवार राति काठमाडौं–४ चुनदेवीमा रहेको यमकुमारी आलेको साढे तीनतले घरको छतमा हारजित हुने गरी जुवा खेलाइरहेको भन्ने गोप्य सूचनाका आधारमा जिल्ला प्रहरी परिसर काठमाडौं र प्रहरी वृत्त महाराजगञ्जबाट खटिएको संयुक्त प्रहरी टोलीले पक्राउ गरेको हो ।"

## नागरिकमा निराशा बढेकाले काङ्ग्रेस र एमाले मिल्नुपरेको –पोखरेल

प्रस, काठमाडौं, १५ साउन/
नेकपा एमालेका महासचिव शङ्कर पोखरेलले देशमा दुई प्रमुख दल मिलेर अगाडि बढ्ने अठोट गर्दा स्वाभाविकरूपमा मानिसहरूमा प्रश्न उब्जिएको बताएका छन् ।
मङ्गलवार दाङमा प्रेस चौतारी नेपालले आयोजना गरेको पत्रकार सम्मेलनमा पोखरेलले ठूला दल मिल्दा लोकतन्त्र कमजोर हुने हो कि भन्ने प्रश्न उब्जिएको बताए । त्यस्तै, कम्युनिस्टसँग नमिलेर काङ्ग्रेससँग किन मिलेको भन्ने प्रश्न पनि रहेको उनले बताए ।
मुलुकको लोकतान्त्रिक मूल्य–मान्यताको सवालमा काङ्ग्रेस र एमाले विगतदेखि मिल्दै आएका पोखरेलले स्मरण गराए । यतिबेला नागरिकमा व्यवस्थाप्रति नै एक खालको निराशा बढेकाले त्यसलाई चिर्न एमाले र काङ्ग्रेस मिल्नुपरेको बताए । "जनतामा निराशा बढ्दो छ, सामाजिक अराजकता चुनौतीका रूपमा प्रकट भइरहेका छन्, अब पुराना दल काम लाग्दैनन्, नयाँ दल चाहिन्छ भन्ने भाष्य खडा गर्ने कोशिश भइरहेको छ," उनले भने ।
लोकतन्त्रमा प्रमुख राजनीतिक दलबीचको प्रतिस्पर्धा आवश्यक हुने भएपनि देश सङ्कटमा पर्दा प्रमुख दल एक ठाउँमा उभिनु आवश्यक रहेको उनले बताए ।
"जनतामा भएको निराशालाई प्रमुख दल मिलेर तोड्नुपर्छ, आशा जगाउनुपर्छ, त्यसबाट मात्र हामीले लोकतन्त्रलाई जोगाउन सक्छौं," उनले भने ।
नेपालमा जुन खालको अस्थिरता छ, त्यसलाई तोड्नको लागि संविधानमा के कमजोरी भए र के सुधार गर्नुपर्छ भन्ने कुराको समीक्षा गरेर अघि बढ्नुपर्नेमा उनले जोड दिए । यो काम ठूला राजनीतिक दल नमिली सम्भव नभएको बिर्सन नहुने पोखरेलले प्रस्ट पारे ।




नेपालमा कम्युनिस्टहरू मिल्नुपर्छ, कम्युनिस्ट मिलेर सरकार बनाउनुपर्छ भन्ने कुराको व्यावहारिक अभ्यास पनि आफूहरूले गरेको उनले बताए । तर त्यो सफल हुन नसकेको पोखरेलले बताए । प्रचण्ड सही बाटोमा हिंड्न नमान्दा नेकपा विभाजित भएको उनले बताए । एकपटक भएको असफलतालाई फेरि दोहोर्‍याउनुहुँदैन भन्ने पक्षमा आफू रहेको पोखरेलले प्रस्ट पारे ।
अब नेपालको वामपन्थी आन्दोलनलाई नेताहरूको टाउको जोडेर होइन कार्यकर्ताको मन जोडेर अघि बढाउनुपर्ने उनको राय छ । नेताको टाउको जोडेर गरिएको एकता असफल भइसकेको पोखरेलले बताए । त्यसको लागि राजनीतिक ध्रुवीकरण आवश्यक रहेको पोखरेलले स्पष्ट पारे । बलिया राजनीतिक दल हुँदा मात्र यो सम्भव हुने उनको धारणा छ ।
अघिल्लो गठबन्धनमा १० सिटका नेतालाई प्रधानमन्त्री कबुल नगर्दा लगातार गठबन्धन भत्काउने काम भएको उनले बताए । २७५ सिटको संसद्भित्र १० सिटका नेतालाई प्रधानमन्त्री बनाउने कुराले कसरी देश बनाउन सक्छ ? भन्दै उनले प्रश्न गरे । "त्यस अर्थमा अब नेपालमा धेरै राजनीतिक दल होइन, बलिया राजनीतिक दलतर्फ लैजानुपर्छ, यसका लागि कसै न कसैले पहल लिनुपर्थ्यो, आज नेपाली काङ्ग्रेस र नेकपा एमालेले आँट गरेका छन्," उनले भने ।
दलहरू बलिया हुँदा मात्र लोकतन्त्र बलियो हुन्छ भनेर नै काङ्ग्रेस र एमाले मिलेको उनले बताए । ३२ सिटले ठूला राजनीतिक दललाई खेलाएर पाँचै वर्ष प्रधानमन्त्री खान्छु भनेर अभिव्यक्ति दिएपछि प्रमुख राजनीतिक दल मिल्न बाध्य भएको पोखरेलले जिकिर गरे ।
स्थायित्व र विकासको लागि बलिया राजनीतिक शक्ति र स्थिरता आवश्यक रहेको उनले बताए । लगातार एउटै व्यक्तिले नेतृत्व गर्दा देशले प्रगति गरेको छिमेकका उदाहरण पोखरेलले पेश गरे ।
आज नै हामी सफल भयौं भन्ने भन्दा पनि ठीक बाटोमा आएका छौं भन्न सकिने अवस्था रहेको उनले बताए । अहिले सफल हुने बाटोतर्फ आफूहरू उन्मुख भएको पोखरेलले बताए ।

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | धनखति | वृष | सुयश |
| मिथुन | धनलाभ | कर्कट | सफलता |
| सिंह | अस्वस्थता | कन्या | रोगभय |
| तुला | यात्रालाभ | वृश्चिक | शत्रुभय |
| धनु | चोरभय | मकर | भयचिन्ता |
| कुम्भ | राज्यलाभ | मीन | पराक्रमवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### राहुघाट ...

कार्यतालिका र सम्झौता अनुसार आयोजना २०७० सालमा सम्पन्न हुनुपर्ने थियो । पहिले ३२ मेगावाटमा डिजाइन गरिएको सो जलविद्युत् आयोजनालाई आठ मेगावाट बढाएर ४० मेगावाट पुर्‍याइएको छ ।
उक्त गाउँपालिका–४ दग्नाम र ५ नं वडा झिंको सिमानामा १७ मिटर अग्लो र ३१ मिटर लामो अर्धजलाशययुक्त (पिआरओआर) प्रविधिको बाँध र तिल्केनीचौरमा विद्युत्गृहको संरचना निर्माण भइरहेको छ ।
बेनी–जोमसोम–कोरला सडकको घुमाउनेतालदेखि ११ किलोमिटर पहुँचमार्ग र एउटा ट्रस प्रविधिको मोटर चल्ने पुल निर्माण गरी विद्युत्गृह र बाँधलाई सीधा सडकले जोडिएको छ । सिभिल ठेकेदार जेपीका आयोजना प्रमुख हरिश अग्रवालले अब एक वर्षभित्र राहुघाटको परीक्षण उत्पादन गर्ने लक्ष्यसहित कामलाई तीव्रता दिएको बताए ।




विश्व मित्रता दिवस तथा साउने पन्ध्र खीर खाने दिनको अवसरमा वीरगंजको लक्ष्मणवास्थित ज्येष्ठ नागरिक पार्कमा नाचगान गरेर रमाइलो गर्दै ज्येष्ठ नागरिकहरू । तस्वीरः प्रतीक

# पूर्वराज्यमन्त्रीको हत्यामा संलग्न दुईजना पक्राउ

नितेश कर्ण, वीरगंज, १५ साउन/

पूर्व भूमिसुधार राज्यमन्त्री रामचन्द्र रायको उनकै घरमा काम गर्ने राम उजैन रायले हत्या गरेको प्रहरीले बताएको छ। यही साउन ७ गते मध्यरातमा चन्द्रनगर गाउँपालिका–१ रतनपुरस्थित आफ्नै घरनजीकका रामचन्द्रका संधियार वीरेन्द्र रायको आर्थिक प्रलोभनमा परी राम उजैनले हत्या गरेको प्रहरीले बताएको छ । वीरेन्द्र र राम उजैनलाई प्रहरीले पक्राउ गरी अनुसन्धान अघि बढाएको छ ।

कविलासी नगरपालिका–३ घर भएका राम उजैन लामो समयदेखि रामचन्द्रको घरमा काम गरी बस्दै आएका थिए । संधियार वीरेन्द्रले रामचन्द्रको खेती आफ्नो जग्गामा रहेको भन्दै घरमा काम गर्ने राम उजैनलाई आर्थिक प्रलोभनमा पारेर घटना घटाएको प्रहरी अनुसन्धानबाट खुलेको हो ।

वीरेन्द्रले रामचन्द्रको हत्यापश्चात् जग्गा आफ्नो नियन्त्रणमा आउने भन्दै राम उजैनलाई हत्या गरेबापत दुई लाख नगद तथा व्यवसायका लागि एक फर्मसमेत बनाइदिने आश्वासन दिएको



अनुसन्धानबाट खुलेको प्रहरी उपरीक्षक रवीन्द्रबहादुर सिंहले बताएका छन् । "रामचन्द्रको हत्या उनको फार्म हाउसनजीकका संधियार वीरेन्द्रको उक्साहट तथा आर्थिक प्रलोभनमा घरमा काम गर्ने राम उजैनले गरेको खुलेको छ," प्रउ सिंहले भने, "राति सुतिरहेको अवस्थामा रामचन्द्रमाथि उखु काट्ने फर्सा प्रयोग गरी हत्या गरेको देखिएको छ । उनीहरू दुवैजनाले आफ्नो अपराध स्वीकार गरिसकेका छन् ।"

रामचन्द्रसँग वीरेन्द्रको लामो समयदेखि जग्गासम्बन्धी मतभिन्नता रहेको जिल्ला प्रहरी कार्यालय, सर्लाहीले जनाएको छ। झन्डै एक महीना अघिदेखि वीरेन्द्रले राम उजैनलाई घरको नक्शा मगाइ भिडियो बनाएको प्रमाणसमेत फेला परेको छ ।

# प्रहरीको नाक अगाडीबाट ट्रान्सफर चोरी

प्रस, वीरगंज, १५ साउन/

वीरगंज–पोखरिया सडकखण्ड बहुअर्वाभाठामा रहेको एक उद्योगबाट गएराति ट्रान्सफर्मर चोरी भएको छ । विन्ध्यवासिनी गापाको गर्दौलस्थित गाद नदीको छेउमा रहेको जयलक्ष्मी उद्योगमा रहेको ट्रान्सफर्मर गएराति चोरहरूले पोलबाट तल झारी त्यसभित्र रहेको



पित्तलका क्वायल, तेललगायत अन्य सामान चोरी गरी लगेको उद्योगका सञ्चालक बाँकेप्रसाद कुर्मीले बताए । दिनभरि उद्योग सञ्चालनमा रहेको र राति कामदारहरू उद्योग बन्द गरी घर गएपछि चोरहरूले ट्रान्सफर्मरका सामान चोरी गरेको पीडित कुर्मीले बताए । चोरी भएको स्थानबाट पूर्व एक सय मिटरको दूरीमा नेपाल प्रहरी तथा सशस्त्र प्रहरीका बेससमेत रहेका छन् ।

त्यतिमात्र हैन, वीरगंज–पोखरिया सडकखण्ड रातिको बेला पनि अति व्यस्त रहन्छ । सडकसँगै टाँसिएको उद्योगबाट चोरहरूले ट्रान्सफर्मरका सामान चोरीको घटना सुनेर स्थानीयहरू आश्चर्यचकित भएका छन् । गर्दौल तथा बहुअर्वाभाठा गाउँको सिमानामा रहेको गाद नदीसँगै पश्चिमपट्टि सो उद्योग रहेको छ। नजीकै रातभरि ट्राफिक प्रहरीले सवारीसाधन चेकजाँच गर्छ । रातभरि सो सडकखण्डमा जनपद र सशस्त्र प्रहरी गस्ती पनि गर्छन् । तापनि कसरी चोरी भयो भन्नेबारेमा प्रहरी पनि चकित छ ।




## सामुदायिक ...

उसको कार्यतालिका निकै व्यस्त रहेको र केही विद्यालयमा परीक्षा भइसकेकाले उनीहरूले केही दिन गर्मी बिदा दिन सक्ने बताए । संस्थागत विद्यालयमा वर्षे बिदा दिंदा विद्यार्थीहरूको पठनपाठनमा असर पर्ने भएकाले बिदा दिने चलन नभएको उनले स्पष्ट पारे ।

# खेलकूदको संसार

## पेरिस ओलम्पिक- २०२४ : प्रिन्सले नतीजालाई आफ्नो पक्षमा ल्याउन सकेनन्

काठमाडौं, १५ साउन/रासस

पेरिस ओलम्पिक–२०२४ को ब्याडमिन्टन प्रतियोगितामा नेपालका प्रिन्स दाहाल पराजित भएका छन् । फ्रान्सको पेरिसस्थित ला चापेला एरिनाको कोर्ट नं २ मा मङ्गलवार बिहान सम्पन्न भएको समूह 'पी'को खेलमा विश्व वरीयताको ४३औं स्थानमा रहेका आयरल्यान्डका हात गुयेनले प्रिन्सलाई २१–७ र २१–५ को सोझो सेटमा पराजित गरे । गुयेनलाई नतीजा आफ्नो पक्षमा पार्न ३५ मिनेट लाग्यो । पहिलो सेटको नतीजा १७ मिनेटमा आफ्नो पक्षमा पारेका गुयेनले दोस्रो सेट जित्न १८ मिनेट खर्चेका थिए ।

प्रिन्सको सर्भिसमा गुयेनले पहिलो सेटमा छ र दोस्रो सेटमा चार अङ्क जोडेका थिए । आफ्नो सर्भिसमा भने गुयेनले पहिलो सेटमा १५ र दोस्रो सेटमा १७ अङ्क बटुलेका थिए । गुयेनको ओलम्पिकमा यो लगातार दोस्रो सहभागिता हो । उनले टोकियो ओलम्पिक २०२० मा पनि खेलेका थिए ।

विश्व वरीयतामा १७२औं स्थानमा रहेका प्रिन्सको यो लगातार दोस्रो हार हो । समूह चरणको पहिलो खेलमा पूर्वजुनियर नम्बर वान प्रिन्स विश्व वरीयताको शीर्ष दुई स्थानमा रहेका डेनमार्कका भिक्टर एक्सेल्सेनसँग २१–८ र २१–६ को सोझो सेटमा पराजित भएका थिए । समूह चरणको अन्तिम खेलमा प्रिन्सले ५८औं विश्व वरीयताका इजरायलका मिसा जिल्बरस्म्यानसँग भोलि प्रतिस्पर्धा गर्नेछन् । कठिन मानिएको समूह 'पी'मा प्रिन्ससहित चार खेलाडी छन् । ओलम्पिकमा ब्याडमिन्टन नेपालका लागि 'डेब्यू' खेल हो । सन् १९६४ को टोकियो ओलम्पिकदेखि नेपालले ओलम्पिकमा भाग लिन शुरू गरेयता ब्याडमिन्टनमा पहिलोपटक सहभागिता जनाएको हो ।

## नेपाली पौडीबाज एलेक्जेन्डरको राष्ट्रिय कीर्तिमान

काठमाडौं, १५ साउन/रासस

नेपाली पौडीबाज एलेक्जेन्डर शाहले पेरिस ओलम्पिक–२०२४ को पुरुष एक सय मिटर फ्रिस्टाइलमा मङ्गलवार नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेका छन् ।

फ्रान्सको पेरिस ला डिफेन्स एरिनामा भएको खेलमा निर्धारित दूरी ५१.९१ सेकेन्डमा पूरा गर्दै आफ्नै नाममा रहेको ५२.१७ सेकेन्डको कीर्तिमानमा सुधार गरेका हुन् । आज पुरुष एक सय मिटर फ्रि–स्टाइलमा उनले प्रतिस्पर्धा गरेका आठ खेलाडीले प्रतिस्पर्धा गरेको हिट ३ मा उनले ५१.९१ सकेन्डको समय निकालेका हुन् । उनी हिट ३ मा तेस्रो भएका हुन् । सोही स्पर्धामा जम्मा ७९ खेलाडीले भाग लिएका थिए । जसमा एलेक्जेन्डर ५९औं स्थानमा रहे ।

एलेक्जेन्डरसँगै ओलम्पिकमा टेबलटेनिसका श्यान्टु श्रेष्ठ, सुटिङकी सुस्मिता नेपाल, पौडीकी डुवाना लामा र जुडोकी मनीता श्रेष्ठ प्रधान पहिलो चरणबाटै बाहिरिएका छन् ।

# रामपुर स्वास्थ्य चौकीको स्तरवृद्धिको माग

प्रस, परवानीपुर, १५ साउन/

राष्ट्रिय एकता अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले रामपुर स्वास्थ्य चौकीको स्तरवृद्धि तथा जनशक्ति र उपकरणाको व्यवस्था गर्न माग गर्दै स्वास्थ्यमन्त्री प्रदीप पौडेललाई ज्ञापनपत्र बुझाएका छन् ।

ज्ञापनपत्रमा बारा जिल्लाको परवानीपुर गाउँपालिकास्थित रामपुर स्वास्थ्य चौकीमा कम्तीमा २५ वटा गाउँका एक लाखभन्दा बढी सेवाग्राही निर्भर रहेको उल्लेख छ । सेवाग्राही चाप अनुसार स्वास्थ्य चौकीमा आवश्यक जनशक्ति, औषधि, उपकरण र सेवा सुविधाको अभाव रहेकाले स्थानीय जनताले उचित सेवा प्राप्त गर्न नसक्दा महँगो शुल्क तिरेर निजी स्वास्थ्य संस्थामा जान बाध्य भएको उल्लेख गरिएको छ।

ज्ञापनपत्रमा रामपुर स्वास्थ्य चौकीको भौतिक पूर्वाधार, भवन र अन्य सुविधाहरूको स्तरोन्नति, विशेषज्ञ चिकित्सक, एमबिबिएस चिकित्सक, नर्स, स्वास्थ्यकर्मीहरूको व्यवस्था साथै अत्यावश्यक औषधि, उपकरण र अन्य सामग्रीहरूको पर्याप्त आपूर्ति गरिनुपर्ने माग गरिएको छ।



अध्यक्ष यादवले उक्त समस्याको समाधानका लागि शीघ्र कदम चाल्न स्वास्थ्यमन्त्रीलाई अनुरोध गर्दै स्थानीय जनताले पाउने स्वास्थ्य सेवामा सुधार हुने विश्वास व्यक्त गरे।

# अवैध चल्ला बरामद

प्रस, परवानीपुर, १५ साउन/

जिल्ला प्रहरी कार्यालय, पर्साले एक हजार चार सयवटा अवैध चल्ला बरामद गरी नष्ट गरेको छ ।

पूर्वसूचनाको आधारमा तस्करहरूले भारतीय कुखुराका चल्ला भन्सार छली चोरी पैठारी गरी नेपाल भित्र्याइरहेको अवस्थामा विन्ध्यवासिनी गाउँपालिका–३ छठियाघाटमा १३ कार्टुन भारतीय कुखुराका चल्ला बरामद गरी मङ्गलवार बिहान पशु क्वारेन्टाइन चेकपोस्ट श्रीसियामा बुझाएर नियम अनुसार नष्ट गरिएको पर्सा प्रहरीका प्रवक्ता प्रनाउ दीपक भारतीले जानकारी गराए ।

## नारायणी अस्पतालको ...

लाग्न सक्छ तर चिकित्सक अथवा अस्पतालको हातमा सबै कुरा नहुने स्पष्ट पारे ।

उनले आइसियूमा पुगेका बिरामीको अवस्था जटिल रहने र चिकित्सक तथा स्वास्थ्यकर्मीको मनोबल बढाउनुपर्ने सुझाव दिए ।

# नहरमा डुबेर चमारको मृत्यु

प्रस, वीरगंज, १५ साउन/

धोबिनी गाउँपालिका–५ जगन्नाथपुर निवासी ३७ वर्षीय कपिल राम चमारको गएराति नहरमा डुबेर मृत्यु भएको छ। घर जाने क्रममा मदिराले मात्तिएका चमार नहरमा खसेको र उनको डुबेर मृत्यु भएको हो । बिहान उनको शव स्थानीयले नहरमा देखेपछि प्रहरीलाई खबर गरेका थिए । इलाका प्रहरी कार्यालय, पोखरियाको टोलीले शव शल्यपरीक्षणको लागि नारायणी अस्पताल वीरगंज पठाएको छ ।



**लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**

–लामखुट्टेको टोकाइबाट औंलो (मलेरिया), डेङ्गु, कालाजार, जापानिज इन्सेफ्लाइटिस जस्ता सङ्क्रामक रोग लाग्न सक्छ,

–लामखुट्टेको टोकाइबाट बच्न आवश्यक उपायको अवलम्बन गरौं,

–घरवरिपरि पानी जम्न नदिऔं,

–घर तथा गोठ वरिपरि सफासुग्घर राखौं,

–गोठ तथा खोर घरभन्दा टाढा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड